जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३२८ • २०८३ साल बैशाख १४ गते सोमबार (27 April, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## गण्डक नहरदेखि मठको जग्गा अतिक्रमणमुक्त

अनिल तिवारी

वीरगञ्ज । पर्सा जिल्लामा अतिक्रमणविरुद्ध प्रशासनले शुरु गरेको अभियान अन्तर्गत आइतबार पहिलो दिनमै सयौँ संरचना भत्काएर हटाइएको छ । जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा सञ्चालन गरिएको अतिक्रमणमुक्त अभियानले गण्डक नहर क्षेत्रदेखि गुठी संस्थानको जग्गासम्म व्यापक रूपमा अतिक्रमण हटाएको छ ।



प्रशासनले बिहानैदेखि डोजर परिचालन गरी गण्डक नहर क्षेत्रलाई अतिक्रमणमुक्त बनाउने अभियान सुरु गरेको थियो । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगञ्जका सूचना अधिकृत इञ्जिनियर सुरेश साहका अनुसार पहिलो दिनमै ३२५ वटा भौतिक संरचना हटाइएको छ ।

उनका अनुसार अभियानमा चार वटा डोजर प्रयोग गरिएको थियो–नारायणी सिँचाइ व्यवस्थापन कार्यालय र यान्त्रिक सिचाइँ व्यवस्थापन कार्यालयका एक-एक तथा स्थानीय तहका दुई डोजर जगरनाथपुर गाउँपालिकास्थित नेपाल प्रवेश विन्दुदेखि सखुवा प्रसौनीको महुवनसम्म तथा वीरगञ्जको गण्डक चोकदेखि महुवन चोकसम्म फैलिएका अतिक्रमित संरचनाहरू हटाइएका हुन् ।

इञ्जिनियर साहले पछिल्ला वर्षहरूमा नहर क्षेत्र अतिक्रमण तीव्र रूपमा बढ्दै गएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि यस्तो अभियान अपरिहार्य भएको बताए। प्रशासनले तीन दिनअघि नै सार्वजनिक सूचना जारी गरेर अतिक्रमण हटाउन निर्देशन दिएको थियो, जसअनुसार केही संरचना स्थानीयले आफैं हटाएका थिए।

त्यस्तै सखुवा प्रसौनी गाउँपालिका-५ महुवनस्थित पारसनाथ महादेव मठ क्षेत्रको गुठी संस्थानको जग्गामा समेत ठूलो परिमाणमा अतिक्रमण हटाइएको छ। करिब ५ बिघा ६ कठ्ठा क्षेत्रफलमा फैलिएको उक्त जग्गामा निर्माण गरिएका घर, टहरा लगायतका संरचनाहरू डोजर लगाएर भत्काइएको छ ।

गाउँपालिका अध्यक्ष जसवन्त यादवका अनुसार मधेस प्रदेशका गृहमन्त्री फकिरा महतोको प्रत्यक्ष निर्देशनमा सात वटा डोजर परिचालन गरी अभियान तीव्र बनाइएको थियो। यस क्रममा मठको जग्गा अतिक्रमण गरी बनाइएका करिब ३८० घरटहरा हटाइएको उनले जानकारी दिए ।

यसअघि नै गाउँपालिका र गुठी संस्थान वीरगञ्जले छुट्टाछुट्टै सूचना जारी गर्दै अतिक्रमण हटाउन आग्रह गरे पनि त्यसको कार्यान्वयन हुन सकेको थिएन। तर यसपटक प्रदेश सरकारको निर्देशन र सुरक्षाकर्मीको सक्रियतामा अतिक्रमण हटाउने काम प्रभावकारी रूपमा अघि बढाइएको अध्यक्ष यादवको भनाइ छ ।

अध्यक्ष यादवले महुवन क्षेत्रमै गुठीको थप २९ बिघा अतिक्रमित जग्गा पनि खाली गराउने प्रक्रिया जारी रहेको बताए ।

जिल्ला प्रशासन कार्यालयका अनुसार अभियानलाई सोमबारदेखि बारा जिल्लातर्फ विस्तार गरिनेछ। पहिलो दिनको अभियान शान्तिपूर्ण रूपमा सम्पन्न भएको र कुनै अवरोध नआएको प्रशासनले जनाएको छ ।

### अवैध उत्खननमा वृद्धि

## स्थानीय आन्दोलित हुँदा पनि प्रहरी-प्रशासन मूकदर्शक

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा विकास निर्माणका काम तीव्र गतिमा अघि बढेसंगै बालुवा-गिट्टीको अवैध उत्खनन पनि उल्लेख्य रूपमा बढेको छ । चालु आर्थिक वर्षको अन्त्यतर्फ निर्माण गतिविधि तीव्र बन्दै जाँदा निर्माण सामग्रीको माग ह्वात्तै बढ्दा मधेश प्रदेशका मुख्य नदीहरूमा व्यापक दोहन भइरहेको स्थानीयवासीहरू बताउँछन् ।



धनुषाको महेन्द्रनगरका स्थानीय विजय दासका अनुसार प्रहरी प्रशासनको मिलेमतोमै अवैध उत्खनन भइरहेको छ । औरही नदी क्षेत्रमा मापदण्डविपरीत करिब तीन किलोमिटर तलसम्म उत्खनन हुने गरेको पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने पुलबाटै देख्न सकिन्छ । चार लेनको औरही पुल निर्माणमा संलग्न एक कामदारका अनुसार दिनहुँ ट्र्याक्टर, टिपर र बकेट प्रयोग गरी उत्खनन भइरहेको छ भने रातिको समयमा डोजर प्रयोग गरेर समेत उत्खनन गरिन्छ ।

यसैबीच मिथिला नगरपालिकाले औरहीसहित बसही, जलाद, जगधर, वडहरी र रातु नदीबाट खानीजन्य पदार्थ उत्खननका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा नेरिसा कन्ट्रक्सन कम्पनी प्रालि, काठमाण्डु-६ लाई ३ करोड ५ लाख ६२ हजार २७३ रुपैयाँ ८० पैसामा ठेक्का दिएको छ। फागुन १४ गते भएको सम्झौताअनुसार जेठ मसान्तसम्म ती नदीहरूबाट १ लाख २१ हजार ८३० घनमिटर ग्राभेल, ढुंगा र बालुवा उत्खनन गर्न अनुमति दिइएको छ ।

उक्त सम्झौतामा सूर्योदयदेखि सूर्यास्तसम्म मात्र उत्खनन गर्न पाइनेलगायत ३३ बुँदे सर्त उल्लेख भए पनि स्थानीयका अनुसार तोकिएको परिमाणभन्दा धेरै उत्खनन भइसकेको छ । ठेकेदार पक्षका प्रतिनिधि नवराज पहाडीले भने औरही नदीमा आफूहरूले उत्खनन सुरु नगरेको दाबी गरेका छन् ।

उता नदी किनारका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरू निर्वाध रूपमा सञ्चालन भइरहेका छन्। मापदण्डविपरीत उत्खनन भइरहँदा पनि सम्बन्धित निकायहरू मौन देखिएका छन्। इलाका प्रहरी कार्यालय र नगरपालिका कार्यालय नदीबाट नजिकै भए पनि नियन्त्रणका लागि प्रभावकारी पहल नभएको स्थानीयको गुनासो छ । प्रहरी र नगरपालिकाबीच समन्वय अभाव देखिएको छ ।

मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले उत्खनन नियन्त्रणमा प्रहरीबाट अपेक्षित सहयोग नपाएको बताए । तर इलाका प्रहरी कार्यालय ढल्केवरले नगरपालिकाबाट आवश्यक विवरण नपाउँदा समस्या भएको जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवले अनुगमनपछि प्रतिवेदनका आधारमा आवश्यक कदम चालिने बताए ।

उक्त सम्झौताविपरीत पुल र सार्वजनिक संरचनाको नजिकै उत्खनन हुँदा नदीको प्राकृतिक बहावमा असर पर्नुका साथै दीर्घकालीन वातावरणीय क्षति हुने जोखिम बढेको छ। सम्झौता उल्लंघन भए ठेक्का रद्द गर्नेसम्मको प्रावधान भए पनि हालसम्म प्रभावकारी कार्यान्वयन नभएको स्थानीयको भनाइ छ ।

## उपभोक्ताको भान्सा थप महँगिदै

टुडे समाचारदाता

जनकपुरधाम । चालु आर्थिक वर्ष २०८२/८३ को चैत महिनामा महँगी उच्च दरमा बढेको छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सार्वजनिक गरेको मूल्य विश्लेषण प्रतिवेदनले दैनिक उपभोग्य वस्तुको मूल्य अस्वाभाविक रूपमा महँगी दर बढ्दै गएको तर्फ ध्यानाकर्षण गराएको छ ।



प्रतिवेदनले जनाए अनुसार इन्धनको मूल्यमा लगातार भएको वृद्धि र अमेरिकी डलरको मजबुत विनिमय दरका कारण ढुवानी तथा आयात खर्च बढ्दा त्यसको असर सिधैँ उपभोक्ताको भान्सासम्म पुगेको छ ।

तरकारी बजारमा अत्यधिक मूल्यवृद्धि देखिएको छ । स्थानीय बजारमा केही तरकारीको मूल्य करिब दुई सय प्रतिशतभन्दा बढीले वृद्धि भएको पाइएको छ । मौसमी प्रभावसंगै ढुवानी खर्च बढ्नाले पनि तरकारीको मूल्य बढ्नुको प्रमुख कारण मानिएको छ । यद्यपि केही वस्तुहरू जस्तै च्याउ, काउली, परवल, करैलालगायतका तरकारी भने तुलनात्मक रूपमा वृद्धि भएको छ । त्यस्तै खाद्यान्नको मूल्य पनि चैतमा उकालो लागेको छ । विशेषगरी जनकपुरधाममा चामल, दाल, चिनी र तेलको मूल्य अन्य सहरको तुलनामा बढी देखिएको छ ।

मूल्यवृद्धिका मुख्य कारणका रूपमा माग र आपूर्तिबीचको असन्तुलन, इन्धनको मूल्यवृद्धि तथा विचौलियाको प्रभावलाई औँल्याइने गरिन्छ । बजार नियन्त्रण र उपभोक्ता संरक्षणका लागि विभागले आगामी दिनमा अधिकतम खुद्रा मूल्य (एमआरपी) कडाइका साथ लागु गर्ने, बजार अनुगमन सुदृढ गर्ने र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी सरकारले योजनावद्ध रुपमा मूल्यमा एकरुपता कायम गर्न नसक्दा मूल्यवृद्धि हुने गरेको स्थानीय उपभोक्ताहरु बताउँछन् ।

## सभापति सिंहलाई रेडक्रसको चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटी धनुषाका सभापति नरेशप्रसाद सिंहले वैधानिक दायित्व पालना नगरेको भन्दै केन्द्रीय समितिले स्पष्टीकरणको जवाफ माग्दै कमिटी भंग गर्ने चेतावनी दिएको छ ।

तोकिएको समयभित्र सन्तोषजनक स्पष्टीकरण नआएमा धनुषा शाखा विघटन गर्ने चेतावनी रेडक्रस सोसाइटी केन्द्रीय समितिले दिएको छ ।

केन्द्रीय कार्यालयले सोसाइटीका धनुषा शाखाका सभापति सिंहलाई स्पष्टीकरणको जवाफ माग्दै सदस्यता विस्तार अभियान प्रभावकारी रूपमा सञ्चालन नगरेको, सदस्यताको अभिलेख अद्यावधिक नगरेको र संकलित शुल्क बैंक दाखिला नगरेकोलगायतका गम्भीर त्रुटिहरू औँल्याएको छ ।

यता धनुषा शाखाले यस अभियानमा अपेक्षित सक्रियता नदेखाएको केन्द्रले लगाएको छ ।

सो पत्रमा तोकिएको समयसीमाभित्र चित्तबुझ्दो स्पष्टीकरण नआए धनुषा जिल्ला शाखा समिति विघटन गरी नयाँ तदर्थ समिति गठन गर्ने प्रक्रिया अघि बढ्न सक्ने जनाइएको छ ।

Under the Management of J.E.F Pvt. Ltd
SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01

नववर्ष २०८३ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४५ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४६ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८३ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८३ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८३-०१-०८ गते मंगलवार देखि
३. प्रवेश परीक्षाको किसिम
 (क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
 (ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।
४. प्रवेश परीक्षा मिति :- २०८३-०१-१२ गते शनिवार
 (क) पहिलो सत्र (First Shift) :- विहान ०८:०० वजे देखि ११:०० वजे सम्म
 (ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १:०० वजे देखि ४:०० वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८३-०१-१३ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८३-०१-१५ गते विहान ७ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/ ९८०१६७४६५८/ ९८०४८९०१८१/ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य
सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम-१
Ph.no.: 041-522969, 525064,
Mob. 9801622969, 9801674658



# सरकारले ऊर्जा क्षेत्रमा देखेको चुनौती र अवसर



काठमाण्डु । सरकारले मुलुकको ऊर्जा क्षेत्रमा विभिन्न १३ चुनौती रहेको ठहर गर्दै त्यसलाई समाधानका लागि प्रभावकारी पहलकदमी एवं लगानी विविधकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ। वितरण प्रणालीको क्षमता र गुणस्तर कमजोर हुनु, औद्योगिक क्षेत्रमा गुणस्तरीय तथा विश्वसनीय विद्युत् आपूर्तिको अभाव हुनुलाई चुनौतीका रूपमा लिएको छ।

यस्तै, सरकारले घरायसी तथा व्यावसायिक क्षेत्रमा बढी विद्युत् खपत गर्ने उपकरणको प्रयोगमा वृद्धि गर्नु, कृषि, सिँचाइ तथा औद्योगिक क्षेत्रमा विद्युत् प्रयोग वृद्धि गर्नु र विद्युतीय सवारी चार्जिङ पूर्वाधारको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको छ । त्यसैगरी, डाटा सेन्टर, हरित हाइड्रोजन, मल उत्पादन गर्ने उद्योग, आधुनिक इँटाभट्टाजस्ता विद्युत् खपत गर्ने सघन उद्योगको न्यून विकास हुनु, आन्तरिक विद्युत्को माग पूर्ति भएपश्चात् बचत भएको विद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा पुर्‍याउनु रहेको छ। यसका लागि आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन तथा सम्बद्ध संरचनाहरूको पर्याप्त विकास गर्नु पनि चुनौतीका रूपमा रहेको सरकारी निष्कर्ष छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा विद्युत्को आन्तरिक माग पूर्ति तथा क्षेत्रीय बजारको आवश्यकताअनुसार निर्यात गर्न उपयुक्त ठूला जलाशयुक्त जलविद्युत् आयोजनाको विकास गर्नु जरुरी छ। छिमेकी मुलुकको नीति तथा नियम र नेपालको विद्युत् उत्पादन र आयात निर्यातसम्बन्धी नीति तथा प्रक्रियाबीच सामन्जस्यता कायम गर्नु, विद्युत् व्यापारमा निजी क्षेत्रको समेत सहभागिता गराउन कानुनी व्यवस्थाको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको निष्कर्ष निकालिएको छ।

नेपालमा उत्पादित विद्युत्को उच्च लागतका कारणले छिमेकी मुलुकको विद्युत् बजारमा प्रतिस्पर्धी हुनु, नेपालको राष्ट्रिय ग्रिड प्रणालीलाई छिमेकी मुलुकको ग्रिड प्रणालीस्तरमा विकास गर्नु, नेपालमा प्रतिस्पर्धी विद्युत् बजारको विकास गरी छिमेकी देशको विद्युत् बजारसँग सम्बन्धित प्रणाली निर्माण गर्नु पनि चुनौती रहेको मन्त्रालयको निष्कर्ष छ।

जलविद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा विकास गरी वार्षिक व्यापार घाटा न्यूनीकरण गर्ने उच्च सम्भावना हुनुलाई सरकारले अवसरका रूपमा लिएको छ । यातायात, घरायसी तथा औद्योगिक क्षेत्रमा विद्युत् विस्तार गरी आन्तरिक खपत उल्लेख्य रूपमा वृद्धि गर्ने सम्भावना हुनु, देशमै उत्पादित स्वच्छ विद्युत् ऊर्जाको प्रयोगमार्फत दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने आधार हुनुलाई अवसरका रूपमा लिइएको छ।

आन्तरिक खपतपश्चात बचत हुने विद्युत्लाई द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा निर्यात गर्ने पर्याप्त सम्भावना हुनु, नेपाल र भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौताबमोजिम १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने स्पष्ट आधार तयार हुनु पनि अवसरका रूपमा रहेको छ।

नेपालमा विद्युत् उत्पादन उच्च हुने याममा छिमेकी राष्ट्र भारत तथा बङ्गलादेशमा ऊर्जा माग उच्च रहनु र सो याममा उच्च विद्युत्दर प्राप्त गर्नसक्ने सम्भावना छ।

कार्बन शून्यको लक्ष्य राखेका छिमेकी मुलुकका लागि नेपालको जलविद्युत् हरित ऊर्जाको रूपमा आकर्षक विकल्प हुनु, खनिज इन्धनको प्रतिस्थापन गरी विदेशी मुद्रा बचत तथा शोधनान्तर स्थिति बलियो बनाउने विषयलाई मन्त्रालयले अवसरका रूपमा चित्रण गरेको छ। जलवायु वित्त तथा कार्बन बजारमा पहुँच वृद्धि गर्ने अवसर हुनु, ऊर्जा सघन उद्योगजस्तै डेटा सेन्टर, हरित हाइड्रोजन, रासायनिक मल कारखाना आदिको विकासमार्फत ऊर्जामा आधारित अर्थतन्त्र निर्माण गर्न सक्ने सम्भावना हुनु पनि अवसरका रूपमा रहेको छ।

सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० युनिट पुर्‍याउने र कुलजडित क्षमता २८ हजार ५०० मेगावाट पुर्‍याउने लक्ष्य राखेको छ । त्यसमध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य छ । सरकारले तय गरेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' अनुसार विद्युत् ऊर्जा निर्यातमा अपेक्षित रूपमा वृद्धि हुनेछ। व्यापार घाटामा उल्लेख्य कमी तथा राष्ट्रिय अर्थतन्त्रमा ऊर्जा क्षेत्रको योगदानमा उल्लेख्य रूपमा वृद्धि हुनुलाई अपेक्षित उपलब्धिका रूपमा लिइएको छ।

रणनीति कार्यान्वयनमा आएपछि प्रतिव्यक्ति विद्युत् खपत करिब एक हजार ५०० युनिट पुग्नुका साथै शतप्रतिशत जनसङ्ख्यामा भरपर्दो विद्युत् पहुँच सुनिश्चित हुनेछ । विद्युत् निर्यात बढ्दै औसत निर्यातदर र राजस्वमा वृद्धि हुनेछ।

आन्तरिक खपत भई बचत हुने विद्युतको प्रभावकारी बजार व्यवस्थापन सुनिश्चित हुनेछ । यस्तै, वातावरणीय प्रदूषणमा कमी आउने तथा दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुग्नेछ। रासस

# आरसिओडी मिति संशोधनका लागि सम्पर्कमा आउन प्राधिकरणको आग्रह




काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले विभिन्न जलविद्युत् आयोजनाका प्रवर्द्धकलाई आयोजनाको व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति (आरसिओडी) संशोधनका लागि सम्पर्कमा आउन आग्रह गरेको छ।

प्राधिकरणले एक सूचनामार्फत व्यावसायिक उत्पादन सुरु गर्नुपर्ने मिति संशोधनका लागि विभिन्न कागजातसहित सम्पर्कमा आउन आग्रह गरेको हो।

प्राधिकरणको २०७१ भदौ ३१ गतेको ६८८औं बैठकबाट निजी क्षेत्रका विद्युत् प्रवर्द्धक कम्पनीसँग सम्पन्न विद्युत् खरिद सम्झौता र ग्रिड कनेक्सन एग्रिमेन्टमा उल्लेखित प्राधिकरणको दायित्वमा पर्ने प्रसारण लाइन तथा सबस्टेशन निर्माणकार्य सम्पन्न नभएका कारण उक्त सम्झौता संशोधन गर्न लागिएको हो । प्राधिकरणले आयोजनाको विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त भएको, आयोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भएको कागजातको विवरण पेस गर्नुपर्नेछ । यस्तै, व्यापारिक उत्पादन सुरु गर्ने मिति समाप्त हुनुअगावै त्यसका लागि प्राधिकरणमा पेस गरेको आवेदन जरुरी पर्नेछ।

यस्तै, आयोजनाले भौतिक निर्माणकार्य गरी प्राधिकरणको प्रसारण लाइन तथा सबस्टेशनको निर्माण प्रगतिको अनुपातमा प्रगति हासिल गरेको विवरण जरुरी पर्ने प्राधिकरणको सूचनामा उल्लेख छ।

निजी क्षेत्रका प्रवर्द्धकले लामो समयदेखि व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति संशोधन गरिदिन आग्रह गर्दै आएको थियो । सोही आग्रहका आधारमा प्राधिकरणले सूचनामार्फत सम्पर्कमा आउन आग्रह गरेको उल्लेख छ। रासस

# अझै फर्केनन् भिमफेदी कारागारबाट फरार १३३ कैदीबन्दी

बागमती । मकवानपुरको भिमफेदीस्थित क्षेत्रीय कारागारबाट फरार भएकामध्ये १३३ कैदीबन्दी अझै कारागार फर्किएका छैनन् । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर फरार भएका ४४० कैदीबन्दीमध्ये शनिबारसम्म २९४ कैदीबन्दी मात्र कारागार फर्किएका छन् ।

कारागारका प्रमुख सुवास पौडेलका अनुसार भिमफेदी कारागारबाट भागेकामध्ये हालसम्म २९४ जना र अन्य कारागारबाट फरार ७६ कैदीबन्दी कारागार फर्किएका छन् । फरार भएका ३९ विदेशी कैदीबन्दीमध्ये १३ मात्र कारागार फर्किएका छन् । अन्य कारागारबाट फरार भई भिमफेदी कारागार फर्किएकामध्ये ५० जनालाई सम्बन्धित कारागारमा स्थानान्तरण गरिएको र २२ जना भिमफेदी कारागारमा रहेका प्रमुख पौडेलले बताउनुभयो ।

गत भदौ २४ गते राति १:०० बजेतिर भिमफेदी कारागारको तीनवटा गेट फुटाई पश्चिमतर्फको पर्खाल भत्काएर (क) ब्लकबाट २६० र (ख) ब्लकबाट १८० कैदीबन्दी फरार भएका थिए । फरार कैदीबन्दीको खोजीका क्रममा सुरक्षाकर्मीले विभिन्न स्थानबाट कैदीबन्दीलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेललेबताउनुभयो।कारागारबाट भागेका फरार कैदीबन्दीको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताउनुभयो । रासस

# पश्चिमी वायुको प्रभावले देशका विभिन्न भागमा बदली, केही स्थानमा वर्षा र हिमपातको पूर्वानुमान

काठमाण्डु । पश्चिमी र स्थानीय वायुको आंशिक प्रभावका कारण देशका विभिन्न स्थानमा बदली भएको छ । हाल कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली भएको छ भने सुदूरपश्चिम प्रदेशका तराई भेगमा मुख्यतया मौसम सफा रहेको छ। कोशी, गण्डकी र लुम्बिनी प्रदेशका केही तथा बागमती प्रदेशका एकदुई स्थानमा मध्यम वर्षा तथा हिमपात भइरहेको छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो कोशी, मधेश, बागमती र गण्डकी प्रदेशलगायत हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहने तथा बाँकी भागमा आंशिक बदली रहनेछ।

कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानहरूमा तथा मधेश सहित लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ। साथै लुम्बिनी प्रदेशको तराई भागका एकदुई स्थानमा पनि वर्षा हुन सक्नेछ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईमा तापक्रम बढ्ने सम्भावना छ।

त्यसैगरी, आज राति देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली तथा तराई भेगमा आंशिक बदली रहनेछ। रासस

# अवैध स्वास्थ्य संस्था बन्द

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बरहथवा बजारमा अवैध रुपमा सञ्चालित पाँचवटा स्वास्थ्य संस्था बन्द गराइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे नेतृत्वको अनुगमन टोलीले दर्ता नै नरहेको पाइएपछि पाँचवटा स्वास्थ्य संस्था सिल गरेका छन् । कुनै निकायमा दर्ता नै नरहेका आयुष्मान हेल्थ केयर, सगरमाथा ल्याब, युनिक अस्पताल, जनसेवा ल्याब र स्माइल सरोकार डेन्टल बन्द गराएको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ।

अनुगमन टोलीले दर्ता रहे पनि मापदण्ड मिचेको पाइएपछि अन्य चारवटा स्वास्थ्य संस्थालाई सचेत गराएको छ। सहायक प्रजिअ घिमिरे नेतृत्वको अनुगमन टोलीले यसअघि बिहीबार मात्र सदरमुकाम मलङ्गवामा अवैध रुपमा सञ्चालित ११ वटा स्वास्थ्य संस्था बन्द गराएको थियो ।

# सञ्चालनमा आएन आधारभूत अस्पताल



**टुडे समाचारदाता**

मलंगवा । पाँच वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको सर्लाहीको अधिकांश आधारभूत अस्पताल सञ्चालनमा आउन सकेका छैनन् ।

ओलीले २०७७ मङ्सिर १५ गते देशभर तीन सय बढी पालिकामा १५ श-याका आधारभूत अस्पताल 'भर्चुअल' माध्यमबाट एकैसाथ शिलान्यास गरेको थियो। सर्लाहीमा त्यसबेला शिलान्यास भएकामध्ये हरिवनस्थित सासापुरमा मात्र अस्पताल भवन निर्माण भएर प्रयोगमा ल्याइएको छ।

अन्य पालिकामा भने कतै भवन बनेर अलपत्र छ भने कतै विवादका कारण अस्पताल भवन नै बन्न सकेन। जिल्लाको चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले आधारभूत अस्पतालको भवन तयार भए पनि जनशक्ति नहुँदा सञ्चालनमा समस्या परेको गुनासो गरेका छन् । आधारभूत अस्पताल सञ्चालनका लागि सङ्घीय सरकारले दरबन्दी कायम गरिदिने आसमा बसेको चक्रघट्टा गाउँपालिकाका अध्यक्ष यादवले बताए।

उनले भने, "सङ्घीय सरकारले डाक्टर र अन्य स्वास्थ्यकर्मी दिन्छ कि भन्ने आस छ तर संघले नदिए पनि अब गाउँपालिकाबाटै करारमा नियुक्त गरेर भए पनि अस्पताल चलाउनुपर्ला भन्ने सोच्दै छौँ।" यहाँका पालिकाले आन्तरिक स्रोतबाट मात्र आधार भूत अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको बताएका छन्। सर्लाहीको सीमावर्ती क्षेत्रस्थित गोडैता नगरपालिकामा पनि १५ श-याको अस्पताल तयार भइसके पनि सञ्चालन हुन नसकेको हो।

गोडैताका नगरप्रमुख देवेन्द्रकुमार यादवले अस्पताल भवन तयार भए पनि संघीय सरकारले तत्काल कुनै प्रकारको खर्च गर्न नसकिने र दरबन्दी पनि सिर्जना गर्न सक्ने अवस्था नरहेको बताएकाले अस्पताल सञ्चालन अन्योलमा रहेको बताए । एमबिबिएस चिकित्सक राखेर पालिका एक्लैले अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको नगरप्रमुख यादवले भने।

अस्पताल बनिसकेको र दरबन्दी नरहेकोबारे प्रतिनिधि सभा सदस्य डा. अमरेशकुमार सिंह र मधेश प्रदेशका स्वास्थ्यमन्त्री जंगीलाल राय यादवलाई निरीक्षणका क्रममा जानकारी समेत गराइसकेको नगरप्रमुख यादवले बताए।

आधारभूत अस्पताल अलपत्र रहँदा सर्लाहीका २० पालिकाका बासिन्दा मलंगवामा रहेको प्रादेशिक अस्पताल तथा लालबन्दी, हरिवन, बरहथवा र बयलवासमा रहेको नगर अस्पतालको भरमा छन्। सरकारी अस्पतालप्रति अझै पनि नागरिकस्तरमा विश्वास कायम हुन नसक्दा निजी स्वास्थ्य संस्थामा आकर्षण कायमै रहेको स्थानीयवासीहरुको भनाई छ।

# तरकारीमा विषादी प्रयोगबारे सचेत बन्दै किसान

राँझा । जिल्लामा व्यावसायिक रूपमा तरकारी उत्पादन गर्दै आएका किसान विषादी प्रयोगबारे सचेत बन्दै गएका छन्। नेपालगन्जस्थित रानी तलाउ तरकारी बजारमा बिक्रीका लागि किसानले ल्याएको हरियो तरकारीमा विगतमा विषादी अवशेष भेटिने गरेकामा यो वर्ष हालसम्म फेला परेको छैन।

कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीका अनुसार नमूना परीक्षणका क्रममा विषादीको मात्रा देखिएका किसानको तरकारी जफत गरी सचेत गराउने गरेकाले अहिले किसान आफैं विषादी प्रयोगमा सचेत हुँदै गएका छन् । भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य प्रविधि गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानी तलाउ तरकारी बजारमा पुनः नमूना परीक्षण गर्ने गरिएको छ। रानी तलाउ तरकारी बजारमा सार्वजनिक बिदाको दिनबाहेक प्रायः दैनिक रूपमा परीक्षण हुने गरेको अध्यक्ष थापा क्षेत्रीले बताउनुभयो।



> भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य प्रविधि गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानी तलाउ तरकारी बजारमा पुनः नमूना परीक्षण गर्ने गरिएको छ ।

बेमौसमी तरकारी उत्पादन गर्न किसानले विषादीको मात्रा धेरै प्रयोग गर्ने गरेका छन् । पुस-माघको मौसमी सागमा विषादीको मात्रा नदेखिए पनि अहिले कीराबाट बचाउन किसानले विषादी प्रयोग गरेको हुनसक्ने आशङ्कामा बेमौसमी तरकारीमा विषादीको अवशेष नमूना जाँचमा चासो दिने गरेको अध्यक्ष थापा क्षेत्रीले बताउनुभयो । रानी तलाउ तरकारी बजारमा अहिले जिल्लाकै किसानले उत्पादन गरको तरकारी बिक्रीवितरण भइरहेको छ । भारतबाट आउने तरकारी भन्सार गरेर ल्याउँदा महँगो पर्ने भएकाले नेपालकै तरकारीले बजार पाएको उहाँले बताउनुभयो।

विषादी प्रयोग गरेको तरकारी तुरुन्तै टिपेर बजारमा ल्याउँदा विषादीको मात्रा धेरै देखिने केन्द्रीय कृषि प्रयोगशालाका नेपालगन्जस्थित प्रतिनिधि नायब प्राविधिक सहायक गौरव चौधरीले बताउनुभयो । उहाँका अनुसार तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई 'ग्रीन लेबल' (उपभोग गर्न मिल्ने), ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा त्यसलाई 'एल्लो लेबल' (चार-पाँच दिनसम्म क्वारेन्टिनमा राखेर पुनःपरीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने) र ४५ प्रतिशतभन्दा माथि निषेध प्रतिशत देखिएमा त्यसलाई 'रेड लेबल' (उपभोग गर्न नमिल्ने) भनेर कैफियत लेखिन्छ।

विगतमा बाँकेको हिरमिनिया र बाबुगाउँ तथा भारतबाट आयात भएका तरकारीमा बढी मात्रामा विषादी अवशेष भेटिने गरे पनि अहिलेसुधारआएकोप्रयोगशालाको तथ्याङ्कले देखाएको छ । तरकारी तथा फलफूलजन्य वस्तुमा 'अर्गानोफस्फेट' र 'कार्बामेट' गरी दुईवटा विषादी समूहको परीक्षण हुने गर्दछ। नेपालगन्जबाट २०७९ मङ्सिरदेखि तरकारी तथा फलफूलजन्य वस्तुको विषादी नमूना परीक्षण सुरु गरिएको हो। रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | नयाँ प्रविधिको प्रयोग गरेमा उत्पादनमा वृद्धि हुनसक्छ। |
| वृष : | लक्ष्यपहिल्याउनसजिलोहुनेछतरलक्ष्य पुरा गर्न अलि धेरै मिहिनेछ गर्नुपर्छ। |
| मिथुन : | सुखद समाचार सुन्न पाउँदा दिन प्रेरणास्पद बन्नेछ। |
| कर्कट : | आन्तरिकतिर्सनाकोपरिपूर्तिहुनेदिनहो। |
| सिंह : | कार्यक्षेत्रमा तन्मयताका साथमा खट्नु पर्ने दिन हो। |
| कन्या : | व्यक्तिगत खुशी, आनन्द र मौजमस्तीका निम्ति समय निस्कनेछ। |
| तुला : | पारिवारिक समस्याले खिन्न बनाउनेछ। |
| वृश्चिक : | कानून र प्रावधानलाई कडाइका साथ पालना गर्नुपर्छ। |
| धनु : | सोचेभन्दा बढी धन कमाउने चाँजो मिल्नेछ। |
| मकर : | विपरीत परिस्थिति भए पनि कामलाई कुशलतापूर्वक झेल्नसक्ने सामर्थ्यको विकास गर्न सकिनेछ। |
| कुम्भ: | कामधाममा भन्दा पनि कल्पना र भावनामा केन्द्रित भइनेछ। |
| मीन: | आम्दानीको स्रोत बढोत्तरी हुने दिन हो। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## सालीनदीमा प्रहरी र शङ्कास्पद लागुऔषध कारोबारीबीच झडप

काठमाण्डु । शङ्खरापुर नगरपालिका-५ सालीनदी किनारबाट एकथान पेस्तोल, त्यसमा प्रयोग हुने एउटा 'म्याग्जिन' तीन 'राउण्ड' गोलीसहित दुई जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मकवानपुरको बकैया गाउँपालिका-३ का ३५ वर्षीय राम भन्ने जीवन जिम्बा र सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-१ का ३४ वर्षीय वीरबहादुर तामाङलाई शुक्रबार पक्राउ गरिएको हो ।

उक्त स्थानमा लागुऔषधको



कारोबार भइरहेको सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरोबाट परिचालन भएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै उनीहरूलाई नियन्त्रणमा लिने क्रममा जीवनले प्रहरीलाई लक्षित गरी गोली प्रहार गरेपश्चात् प्रहरीले जवाफी 'फायर' गर्दा घाइते भएका निजको सुस्मा कोइराला मेमोरियल अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीले हाल फरार अन्य दुई जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ । रासस

# अतिक्रमणमुक्त भए काठमाण्डुका तीन बस्ती



काठमाण्डु । काठमाण्डुका विभिन्न स्थानमा अतिक्रमण गरी निर्माण गरिएका बस्ती हटाउने अभियान तीव्र बनाइएको छ । अभियानका क्रममा शनिबार काठमाण्डु महानगरपालिकाअन्तर्गत तीन स्थानका बस्ती खाली गरिएका छन् ।

काठमाण्डु महानगरपालिका-११ थापाथलीस्थित वाग्मती नदी किनारको बस्ती, वडा नं ९ को गैरीगाउँ-सिनामङ्गल क्षेत्र तथा वडा नं ३१ को शान्तिनगरमा रहेका अतिक्रमित बस्ती शनिबार हटाइएका हुन् ।

सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएका अस्थायी तथा स्थायी संरचना डोजर प्रयोग गरी भत्काइएको काठमाडौँ महानगर प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार थापाथली क्षेत्रमा स्थायी संरचना कम भएकाले काम छिटो सम्पन्न भएको थियो भने गैरीगाउँ-सिनामङ्गल क्षेत्रमा पक्की घरको सङ्ख्या बढी भएकाले भत्काउने काम राति अबेर मात्र सकिएको थियो ।

सरकारको निर्देशनअनुसार संरचना हटाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा काठमाडौँ महानगर प्रहरीको संयुक्त टोलीले शनिबार दिनभरि प्रभावित बासिन्दा र सरसामान सुरक्षित रूपमा सार्न सहयोग गरेको थियो । त्यसपछि मात्र डोजर प्रयोग गरी संरचना हटाउने काम गरिएको थियो ।

बस्ती हटाइए पनि भत्काइएका संरचना र सामग्री अझै सोही स्थानमै छरिएर रहेकाले आवागमनमा केही कठिनाइ भएको स्थानीयले बताएका छन् । महानगरले ती सामग्री हटाउने तथा क्षेत्र सफा गर्ने कार्य पनि क्रमशः अघि बढाइने जनाएको छ ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणका अनुसार राजधानीका विभिन्न अतिक्रमित क्षेत्रमा उल्लेख्य सङ्ख्यामा सुकुमवासी परिवार बसोबास गर्दै आएका थिए । प्राधिकरणको तथ्याङ्कअनुसार थापाथलीमा एक सय ४३, गैरीगाउँमा एक सय ६२, गोठाटारमा ७७, शान्तिनगरमा चार सय ७६ तथा मनोहरा टोलमा १३ गरी कुल ८७१ परिवार रहेका छन् ।

सरकारले सार्वजनिक जग्गा संरक्षण तथा नदी किनार क्षेत्रको व्यवस्थापनलाई प्राथमिकतामा राख्दै सहरी सौन्दर्यीकरण, वातावरण संरक्षण तथा दीर्घकालीन सहरी व्यवस्थापनसँग जोडेर अभियान अघि बढाएको हो ।

यद्यपि, बस्ती हटाउने कामसँगै प्रभावित परिवारको पुनःस्थापना तथा व्यवस्थापनका विषयमा विभिन्न कोणबाट चासो व्यक्त हुन थालेको छ । सरोकार भएका निकायले दीर्घकालीन समाधानका लागि व्यवस्थित बसोबासको विकल्प उपलब्ध गराउनुपर्ने आवश्यकता औँल्याइरहेका छन् ।

यसैबीच, बस्ती हटाउने क्रममा थापाथली, गैरीगाउँ र सिनामङ्गल क्षेत्रमा कुनै अवरोध वा झडपको अवस्था सिर्जना नभए पनि भक्तपुरको मनोहरा खोला किनारस्थित सुकुमवासी बस्तीमा भने सुकुमवासी बस्तीका बासिन्दाले भने केही अवरोध गरेका थिए । अवरोधका क्रममा आक्रमणमा परी २२ सुरक्षाकर्मी घाइते भएका प्रहरीले थिए ।

आक्रमणमा परी मध्यपुरथिमि प्रहरी वृत्तका प्रहरी नायब उपरीक्षक नवराज ढुङ्गानासहित ११ नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नं २२ दुवाकोटबाट खटिएका सशस्त्र प्रहरीका थप ११ जना गरी २२ जना घाइते भएका सशस्त्र प्रहरी उपरीक्षक वासुदेव महतले जानकारी दिनुभयो ।

उहाँका अनुसार मनोहरा सुकुमवासी बस्तीमा घर भत्काउने क्रममा सुरक्षाकर्मीमाथि ढुङ्गा, इँटा र बोतल प्रहार गरिएको थियो । रासस

# देशभर सञ्चालन गरियो अतिक्रमित संरचना हटाउने अभियान



काठमाण्डु । काठमाण्डु । उपत्यकासहित देशभर सरकारी तथा सार्वजनिक जग्गामा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने अभियान सञ्चालन गरिएको छ । सरकारले पहिलो चरणमा शनिबारदेखि काठमाडौँ उपत्यकाका विभिन्न जोखिमयुक्त क्षेत्रमा अतिक्रमित घरटहरालगायत संरचना हटाउन सुरु गरेको हो ।

शनिबार काठमाण्डुका थापाथली, सिनामङ्गल-गैरीगाउँ र शान्तिनगर क्षेत्रमा नदी किनारमा अवैध संरचना हटाइएको थियो । यस्तै, आज नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहितका सुरक्षा निकायको सहयोगमा सरकारी टोलीले मनोहरा नदी किनारका अतिक्रमित संरचना हटाइरहेका छन् ।

काठमाण्डु उपत्यका विकास प्राधिकरणका विकास आयुक्त जानुका ढकालले सुरुआती चरणमा जोखिमयुक्त क्षेत्रका वस्ती हटाइने र दोस्रो चरणमा भूमिहीनको पहिचान गरी बसोबासको उचित व्यवस्थापन गरिनेबताउनुभयो।अतिक्रमित जमिन खाली गराउने क्रममा घरबारविहीन भएका नागरिकको प्रारम्भिक विवरण सङ्कलन गर्ने र बसोबासको व्यवस्था गरिएको प्राधिकरणले जनाएको छ ।

काठमाण्डुको कागेश्वरी मनोहरा नगरपालिका-८ स्थित गोठाटार बुद्धचोक र वडा नं ९ को मनोहरा टोलमा रहेका जोखिमपूर्ण बस्तीहरू खाली गर्न थालिएको छ । वस्तीमा रहेका भौतिक संरचना भत्काउनुपूर्व त्यहाँ रहेका नागरिकका सरसामान निकाल्न र ढुवानी गर्न सुरक्षाकर्मीले सहयोग गरिरहेका छन् ।

अतिक्रमित वस्ती खाली गर्ने क्रममा हालसम्म २१४ परिवार सरकारको सम्पर्कमा आएका प्राधिकरणले जनाएको छ । यसरी सम्पर्कमा आएकाहरूलाई तत्कालका लागि विभिन्न होटलमा बसोबास र खानपानको व्यवस्था मिलाइएको छ ।

अभियानअन्तर्गत काठमाडौँ उपत्यकाका साथै रुपन्देही, नुवाकोट, पर्सालगायत देशका विभिन्न स्थानमा अवैध रूपमा निर्माण गरिएका संरचना धमाधम हटाउन थालिएको छ। रुपन्देहीको बुटवल उपमहानगरपालिका-४ स्थित सरकारी जग्गा अक्रिमण गरी निर्माण गरिएका घरटहरा आज हटाइको छ । बुटवल उपमहानगरपालिकाले शनिबार नै सूचना जारी गर्दै सरकारी जग्गामा बनेका संरचना आफैँ हटाउन आग्रह गरेको थियो ।

आइतबार नै नुवाकोटको विदुर नगरपालिकाका विभिन्न स्थानमा सरकारी जग्गा कब्जा गरी निर्माण गरिएका एक दर्जन सरकारी तथा ८६ निजी संरचना 'गल्छी-रसुवागढी सडक योजनाको कार्यालय'ले हटाएको छ ।

यस्तै, नारायणी सिँचाइ तथा व्यवस्थापन कार्यालयले आज पर्साको गण्डक नहरको डिलमा अतिक्रण गरेर निर्माण गरिएका घर, टहरालगायत संरचना हटाइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सुरक्षा निकायको समन्वयमा अवैध रूपमा निर्माण गरिएका संरचना हटाउने काम गरिएको वीरगन्ज महानगरपालिकाका प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्णले जानकारी दिनुभयो ।

**प्रहरी महानिरीक्षकबाट मनोहरा क्षेत्रको निरीक्षण**

यसैबीच, प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले मनोहरा नदी किनारका अतिक्रमित बस्ती खाली गराउने कार्यको अवलोकन गर्नुभएको छ । त्यसक्रममा उहाँले भूमिहीन नागरिकलाई उचित व्यवस्थापन र सुरक्षित स्थानमा सार्ने कामबारे जानकारी लिनुभएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । बस्ती हटाउने क्रममा शनिबार मनोहरा खोला किनारमा प्रहरीसँग सामान्य झडप भएको थियो । त्यस क्रममा स्थानीयको आक्रमणबाट २२ सुरक्षाकर्मी घाइते भएका थिए । आज भने यो समाचार तयार गर्दासम्म शान्तिपूर्ण रूपमा बस्ती खाली गराउने क्रम चलिरहेको छ ।

**अर्थपूर्ण संवाद गर्न मानवअधिकार एलायन्सको आग्रह**

मानवअधिकार एलायन्सले सुकुमवासी तथा भूमिहीनलाई वैकल्पिक व्यवस्थाविना हटाइनु मानवीय र मानवअधिकारको दृष्टिले उचित नभएको जनाएको छ । सङ्गठनका अध्यक्ष विदुर सुवेदीद्वारा जारी विज्ञप्तिमा बस्तीबाट हटाइएका परिवारमा देखिएको भय, असुरक्षा र अनिश्चतताले राज्य र नागरिकबीचको विश्वासलाई कमजोर बनाउने उल्लेख छ ।

एलायन्सले प्रभावित समुदायसँग खुला, विश्वासपूर्ण र अर्थपूर्ण संवादको सुरुआत गरी बलपूर्वक विस्थापन नगर्न आग्रह गरेको छ । रासस

# लागुऔषधसहित विभिन्न स्थानबाट एकचालिस जना पक्राउ



काठमाण्डु । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट ४१ जनालाई पक्राउ गरेको छ ।

काठमाण्डु महानगरपालिका-३२ जडीबुटीबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने १३० थान ट्रामाडोल ट्याब्लेट नगद रु ६८ हजार २०० सहित एक जना किशोरलाई पक्राउ गरिएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार कैलालीको टीकापुर नगरपालिका-१ बाट एक, घोडाघोडी नगरपालिका-१० पहलमानपुरबाट दुई, वीरेन्द्रनगर नगरपालिका-८ सिम्ताली चोकबाट दुई, कपिलवस्तुको बुद्धभूमि नगरपालिका-९ बाट एक, सुनसरीको इनरुवा नगरपालिका-४ बसचोकबाट दुई र दाङको घोराही उपमहानगरपालिका-१५ भानुचोकबाट दुई जनालाई खैरो हेरोइनसहित पक्राउ गरिएको हो ।

अभियुक्त शनिबार पक्राउ परेका हुन् । उनीहरुबाट नगद र लागुऔषध जोख्न प्रयोग हुने तराजुसमेत बरामद गरिएको छ ।

यसैगरी, काठमाडौँ महानगरपालिका-४ सुकेधाराबाट खैरो हेरोइनसहित एक, बल्खुचोकबाट दुई जनालाई ९९८ थान ट्रामाडोल ट्याब्लेट र १६ हजार ५०० नगदसहित पक्राउ गरिएको छ ।

यसैगरी, इलामको सूर्योदय नगरपालिका-११ कालापानीबाट दुई, झापाको भद्रपुर नगरपालिका-५ बाट नौ, शिवसताक्षी नगरपालिका-१ बाट दुई, कञ्चनपुरको वेदकोट नगरपालिका-८ बाट दुई, भिमदत्त नगरपालिका-११ गड्डाचौकीबाट दुई, रुपन्देहीको बुटवल उपमहानगरपालिका-१५ गोब्रैयाबाटदुई,सैनामैनानगरपालिका-५ बुद्धनगरबाट एकजनालाई पक्राउ गरिएको हो ।

यसैगरी, विराटनगर महानगरपालिका-१५ बाट एक, रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका-२ बिसौनीबाट एक, दाङको घोराही उपमहानगरपालिका-५ बाट शीतलपुरबाट एक, बर्दियाको बढैयाताल गाउँपालिका-६ रानीपुरबाट चार जना, पोखरा महानगरपालिका-५ प्रस्याङबाट दुई र धनुषाको गणेशमान चारनाथ नगरपालिका-२ राधापुरबाट एक जनालाई चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने २५० थान नाइट्राजेपाम ट्याब्लेटसहित एक जनालाई पक्राउ गरिएको जनाइएको छ। रासस

# 'गल्छी-रसुवागढी सडक'का अतिक्रमण हटाउन सुरु



त्रिशूली । 'गल्छी-रसुवागढी सडक योजनाको कार्यालय' मार्फत विस्तार भइरहेको सडकको पहुँच मार्गभित्रका अतिक्रमित संरचना हटाउन थालिएको छ ।

सडकको दायाँबायाँ १५-१५ मिटरभित्र पर्ने घरटहरासहित भौतिक संरचना हटाउन सूचना जारी गरिएको अवधिमा अटेर गर्नेहरूका संरचना शनिबारदेखि हटाउन सुरु गरिएको हो ।

'गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेंशी रसुवागढी सडक योजना कार्यालय'का प्रमुख कृष्णराज ओझाका अनुसार सडक पहुँचभित्रका संरचनाको नियमअनुसार क्षतिपूर्ति लिएर हटाउने सहमति भए पनि त्यसको पालना नगर्नेका संरचना भत्काउन थालिएको हो । ती संरचनामा ८६ वटा व्यक्तिगत घरटहरासहित एक दर्जन सरकारी कार्यालय तथा सङ्घसंस्थाका संरचना रहेका छन् ।

विदुर नगरपालिकाको सहयोगमा शनिबारदेखि जिल्लाको मुख्य बजार क्षेत्रमा पर्ने ढुङ्गे, विदुर, बट्टारका अतिक्रमति संरचना भत्काउन थालिएको कार्यालय प्रमुख ओझाले बताउनुभयो । तीन दिनभित्र जिल्लाभित्रका संरचना भत्काइसक्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो ।

कार्यालय प्रमुख ओझाले भन्नुभयो, "सडक पहुँच क्षेत्रका संरचना खाली नहुँदा अन्तरराष्ट्रिय राजमार्गका रूपमा विस्तार भइरहेको सडकको का रोकिएको छ। केही दिनभित्रै 'साइट क्लियर' गरेर निर्माण व्यवसायीलाई काम थाल्न निर्देशन दिनेछौँ ।"

धादिङको गल्छीबाट नुवाकोटको विदुर हुँदै चीनसँग जोडिएको रसुवागढी नाका पुग्ने यस सडकलाई राष्ट्रिय प्राथमिकताप्राप्त गौरवको आयोजनाका रूपमा विस्तार गर्न थालिएको छ ।

नुवाकोटको बजार क्षेत्रका अतिक्रमित संरचना हटाउन ढिलाइ हुँदा १० वर्षसम्म पनि योजनाको काम अधुरै छ ।

विसं २०७२ मा नेपाल सरकार मन्त्रिपरिषद् बैठकले चीन, नेपाल र भारत गरी त्रिदेशीय राजमार्गका रूपमा काम अगाडि बढाउने निर्णय गरेको थियो । यसलाई सबैभन्दा छोटो दूरीको अन्तरराष्ट्रिय राजमार्गका रूपमा निर्माण गर्ने सरकारको योजना छ। रासस

# अन्तरराष्ट्रिय चेर्नोबिल विपद् स्मरण दिवसः चालीस वर्षपछि पनि असर कायम

काठमाण्डु । आइतबार अन्तरराष्ट्रिय चेर्नोबिल विपद् स्मरण दिवस हो । संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ डिसेम्बर ८ मा एक प्रस्ताव पारित गर्दै प्रत्येक वर्ष अप्रिल २६ लाई यस दिवसका रूपमा मनाउने घोषणा गरेको हो ।

सन् २०१७ देखि यो दिवस नियमित रूपमा मनाउन थालिएको हो । चेर्नोबिल आणविक दुर्घटना भएको यो ४० औँ वर्ष हो ।

युक्रेनस्थित चेर्नोबिल आणविक विद्युत् केन्द्रमा भएको विस्फोटपछि रेडियोधर्मी बादल सोभियत सङ्घका विशाल भू-भागमा फैलिएको थियो । ती हाल बेलारुस, युक्रेन र रुसी महासङ्घका क्षेत्रहरूमा पर्दछन् । उक्त दुर्घटनाबाट ती तीन देशका ८४ लाख मानिस विकिरणको प्रभावमा परेका थिए ।

संयुक्त राष्ट्रसङ्घका अनुसार चेर्नोबिल दुर्घटनापछि तीन दशक बितिसक्दा पनि दीर्घकालीन गम्भीर असर रहेको र प्रभावित समुदायले अझै सहयोगको आवश्यकता महसुस गरिरहेको छ ।

चेर्नोबिल दुर्घटनापछि संयुक्त राष्ट्रसङ्घ, बेलारुस, रुसी महासंघ र युक्रेन सरकारहरूले प्रभावित क्षेत्रको पुनःस्थापना तथा विकासका प्रयासहरू अघि बढाउँदै आएका छन् । प्रारम्भिक मानवीय सहयोगपछि प्रभावित क्षेत्रलाई सुरक्षित बनाउने, विकिरणको जोखिम घटाउने, प्रभावितलाई स्वास्थ्य सेवा उपलब्ध गराउने र स्वास्थ्य असरबारे निरन्तर अध्ययन हुँदै आएका छन् । रासस



# सुकुम्वासी बस्तीका घरटहरा हटाउने क्रममा २२ सुरक्षाकर्मी घाइते



भक्तपुर । भक्तपुरको मनोहरा खोला किनारस्थित सुकुम्वासी बस्तीमा अनधिकृत रूपमा बनाइएका घरटहरा हटाउने क्रममा सुकुम्वासी बस्तीका बासिन्दाको आक्रमणबाट २२ सुरक्षाकर्मी घाइते भएका छन् । साँझ परेपछि सुकुम्वासी बस्तीमा सुरक्षाकर्मीले डोजर प्रयोग गरी सात पक्की घर भत्काएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीमाथि आक्रमण भएको थियो ।

जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले मनोहरा सुकुम्वासी बस्तीमा घर भत्काउने क्रममा सुरक्षाकर्मीमाथि ढुङ्गा, इँटा र बोतल प्रहार भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मनोहराका ८० प्रतिशत सुकुम्वासीले दिउँसै सामान लगिसकेका थिए, थापाथली र ग्रैह्रीगाउँको सुकुम्वासी बस्ती हटाएर डोजरसहितको टोली मनोहरा ल्याएपछि यहाँका संरचना भत्काउन थालिएको हो, प्रहरीले कुनै बल प्रयोग नगरी सामान सार्नेलाई सहयोग गर्दै घर भत्काउने क्रम सुरु भयो, पक्की घर भत्काउने क्रममा रातिको समयमा सुरक्षाकर्मीमाथि एकसाथ ढुङ्गा, इँटा र बोतल प्रहार भयो ।"

आक्रमणमा परी मध्यपुरथिमि प्रहरी बृत्तका प्रहरी नायब उपरीक्षक नवराज ढुङ्गानासहित ११ प्रहरी घाइते भएका छन् । त्यसैगरी, आक्रमणमा सशस्त्र प्रहरी बल नं २२ दुवाकोटबाट खटिएका सशस्त्र प्रहरीका थप ११ जना घाइते भएका सशस्त्र प्रहरी उपरीक्षक वासुदेव महतले जानकारी दिनुभयो । आइतबार बिहानैदेखि फेरि संरचना भत्काइने उहाँले बताउनुभयो ।

मनोहरा सुकुम्वासी बस्तीमा ७७७ घरटहरा रहेका छन् । बस्तीका सुनिल लामाले बस्ती छाड्दै गर्दा भन्नुभयो, "यहाँ अधिकांश घर भाडामा लगाइएका छन्, यहाँ सुरुमै टहरा बनाएर एक समूहले रु तीन लाखदेखि रु सात लाखसम्म तथा पक्की घर रु १८ लाखसम्ममा बिक्री गरेका छन् । हामी पनि टहरा किनेर बसेको १५ वर्ष भयो । सरकारले हामीजस्ता सुकुम्वासीलाई उचित व्यवस्थापन गरोस्, त्यति भए पुग्छ ।"

सुकुम्वासी बस्तीका बासिन्दासँग भाडा उठाउन कही व्यक्ति नियमित आउने गरेका बताइएको छ । बस्तीका धेरैले भाडा तिर्ने गरेका छन् । रासस

# पूर्वीनाका काँकडभिट्टाबाट सात हजार ६४२ पर्यटक भित्रिए

झापा । पूर्वीनाका काँकडभिट्टाबाट विभिन्न देशका सात हजार ६४२ पर्यटक नेपाल भित्रिएका छन्। अध्यागमन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा उक्त सङ्ख्यामा पर्यटक नेपाल आएका हुन्।


साउनदेखि चैतसम्म ८१ मुलुकका पर्यटकले यो नाका हुँदै नेपाल आएका कार्यालयका प्रमुख तुलसी भट्टराईले जानकारी दिनुभयो । नेपाल प्रवेश गरेका पर्यटकमध्ये सबैभन्दा बढी भुटानी नागरिक रहेका छन् । उक्त अवधिमा चार हजार १५४ जना भुटानी पर्यटक नेपाल आएका छन् ।

भुटानपछि अमेरिका, थाइल्यान्ड, अस्ट्रेलिया र संयुक्त अधिराज्य (बेलायत)का पर्यटक धेरै सङ्ख्यामा नेपाल आएका कार्यालयको अभिलेखमा उल्लेख छ । अमेरिकाबाट एक हजार ६१२, थाइल्यान्डबाट ५२५, अस्ट्रेलियाबाट २२९ र बेलायतबाट १८२ जना नागरिक नेपाल घुम्न आएका कार्यालयका प्रमुख भट्टराईले बताउनुभयो । नेपाल आउने पर्यटकले लुम्बिनी, पोखरा, काठमाडौँ, चितवन, गोर्खालगायत प्रमुख पर्यटकीयस्थल जाने बताउने गरेको उहाँले जानकारी दिनुभयो ।

आउने मात्र नभएर पर्यटकले नेपालबाट अर्को मुलुक प्रस्थान गर्नका लागिसमेत यो नाका प्रयोग गर्दै आएका छन् । सोही अवधिमा काँकडभिट्टा नाका भएर नौ हजार ९४२ पर्यटक यहाँबाट बाहिरिएको तथ्याङ्क छ।

आव २०८१/८२ को साउनदेखि चैतसम्ममा भने यहाँबाट आठ हजार ७० जना पर्यटक भित्रिएका थिए । चालु आवको सोही अवधिमा आगमन भएका पर्यटकको सङ्ख्यामा ४२८ ले कमी आएको छ ।

चालु आवको चैत महिनामा यो नाका भएर एक हजार छ जना पर्यटक नेपाल प्रवेश गरेको र एक हजार ५४३ जना प्रस्थान गरेको कार्यालयले जनाएको छ । यस अवधिमा छ हजार ६९१ वटा पर्यटक भिसा, एक सय २४ वटा नातेदार भिसा, २६ वटा वैवाहिक भिसा र ३६ वटा गैरआवासीय भिसा जारी गरिएका छन् । भिसा जारी गरेवापत रु दुई करोड ८० हजार ५२० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

## सुकुम्वासी समस्या समाधान हुन्छ

सरकारले काठमाण्डुको थापाथली, मनोहरालगायतका स्थानहरुमा रहेको अव्यवस्थित वस्तीलाई हटाएको छ । ती स्थानहरुमा सुकुम्वासीहरु रहेको बताइन्थ्यो । तर सरकारले वस्ती हटाएपछि सुकुम्वासीको संख्या त दश प्रतिशतको हाराहारीमा मात्र रहेको देखिएको छ । ९० प्रतिशत मानिसको अन्यत्र घर जग्गा रहेको देखिएको छ । नेपाल अधिराज्यभरि कतै घर जग्गा नाममा रहेको व्यक्ति सुकुम्वासी होइन । काठमाण्डुको महत्वपूर्ण स्थलहरुमा बाहिरबाट झुप्रो देखिए पनि भित्र राम्रो घर बनाइएको थियो । काठमाण्डुलगायत विभिन्न भागमा घर जग्गा भएकाहरुले त्यहाँ सुकुम्वासीको नाममा बसेका थिए । सुकुम्वासीहरुको नाममा सरकारी जग्गा गैर सुकुम्वासीहरुले उपभोग गरिरहेका थिए । वर्तमान प्रधानमन्त्री बालेन्द्र साह (बालेन)काठमाण्डु महानगरपालिकाको मेयर रहेकै बेला सुकुम्वासीको नाममा गरिएको अतिक्रमणलाई हटाउने प्रयास गरेका थिए । तर तत्कालीन संघीय सरकारले त्यसमा सहयोग गरेन । सरकारको सहयोग बिना काठमाण्डु महानगरपालिका पछि हट्नु परेको थियो । तर अहिले स्थिति फेरिएको छ । तत्कालीन मेयर साह अहिले स्वयं नै प्रधानमन्त्रीसमेत गृहमन्त्री मन्त्रालयको नेतृत्वमा छन् । बाहिर चर्चा भए जस्तो सुकुम्वासी वस्ती हटाउन सरकारले बल पनि प्रयोग गर्नु परेन । सामान्य विवाद गैर सुकुम्वासीहरुले गरेपनि त्यो धेरै समय टिक्न सकेन । सुकुम्वासीको नाममा भएको भूमि अतिक्रमणलाई सरकारले खाली गराएको छ । नेपालमा सुकुम्वासी नभएको होइन । तर तथ्यांकमा देखाइए जस्तो सुकुम्बासी छैन । राज्यले सुकुम्वासीको व्यवस्थापन गर्नुपर्छ । विगतमा सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन कयौं सुकुम्वासी समाधान आयोग बने । धेरै अध्यक्ष फेरिए । तर सुकुम्वासी समस्या समाधान भएन । सुकुम्वासीको संख्या बढ्दै गयो । सरकारले सुकुम्वासी आयोग मार्फत वितरण गराएको जग्गा पनि धेरै हुकुमवासीहरुले पाए । केही सुकुम्बासीहरुले पाएको जग्गा पनि बेचे । उनीहरु फेरि सुकुम्वासी बने । तर यस पटक प्रधानमन्त्री साहले अत्यन्त गम्भीर विश्लेषण गरी सुकुम्वासीहरुको स्थायी समाधान निकालेको छ । वास्तबिक सुकुम्वासीहरुको पहिचान गरी मात्र जग्गा उपलब्ध गराउने भएको छ । सुकुम्वासीहरुको पहिचान नहुञ्जेलसम्म उनीहरुलाई सेल्टरमा राखिने छ । सरकारले नै उनीहरुलाई अन्य सुविधाहरु तत्कालका लागि उपलब्ध गराउने छ । दीर्घकालीन रुपमा उनीहरुलाई सरकारले जग्गाको प्रबन्ध गरेर जीविकोपार्जनको समेत व्यवस्था गर्नुपर्नेछ । सरकारले त्यो आश्वासन पनि दिएको छ । काठमाण्डुमा सुकुम्वासीको नाममा रहेको अवैध र अव्यवस्थित वस्तीलाई हटाइएको प्रभाव देशैभरि परेको छ । विभिन्न पालिकाहरुमा धमाधम अतिक्रमण खाली गराउन थालिएको छ । विगतको सरकारहरुले सुकुम्वासीको नाममा अतिक्रमित जग्गा खाली गराउने भन्दा उनीहरुलाई आफ्नो स्वार्थका लागि प्रयोग गरिरहेका थिए । राजनीतिक दलका नेताहरु खासगरि नेकपा एमाले समर्थितहरुले सुकुम्वासीको नाममा जग्गा कब्जा गरेका थिए । खाली गराइएको जग्गालाई सरकारले तत्काल व्यवस्थित गर्नुपर्छ । सरकारले पार्कलगायतका कार्यहरु गरेर संघीय राजधानी काठमाण्डुलाई सुन्दर बनाउने योजना सार्वजनिक गर्नुपर्छ । त्यसो नभए फेरि हुकुम्वासीहरुले जग्गामा टहरा राख्न सक्ने छन् । प्रधानमन्त्रीको प्रशंसनीय कार्यहरु मध्येको सुकुम्वासी व्यवस्था पनि देखिएको छ ।

# बालेन सरकारको बिकास मोडल : पहिला बिसंगतीमाथी 'डोजर'



रिसव गौतम

पहिला भत्काउने अर्थात डोजर लगाउने अनि बनाउने बालेन्द्र शाहको विकास मोडल झै देखिन्छ । जव उनी राजनीतिमा पर्दापण गर्दैगर्दा स्वतन्त्र रुपमा काठमाण्डौ महानगरपाललिकाको मेयरमा निर्वाचित भए, शपथ खाएकै दिनदेखि उनले हडपिएका सार्वजनिक जग्गा फिर्ता ल्याउन डोजर लिएर आफै मैदानमा निस्किए । सडक, चौक तथा विभिन्न क्षेत्रमा हडपिएका कयौं सार्वजनिक जग्गामा बनाइएका संरचनाहरुमा उनले मेयर हुँदा डोजर चलाएर भत्काए । र, ती ठाउँहरुमा सार्वजनिक चौतारा वा विसौनी, पार्क वा सडक खुल्ला बनाउने काम गरे । वास्तम्बमा त्यहि भत्काएर बनाउने बालेन मोडल मान्छेले रुचाएपछि उनी जनविश्वासका साथ अहिले प्रधानमन्त्रीसम्म बनेका छन् ।

तिनै बालेन्द्र शाह प्रधानमन्त्री भएको एक महिना पुग्दै गर्दा फेरी डोजर लिएर सार्वजनिक जग्गा सकारको महाताहामा ल्याउन कस्किएका छन । मेयर हुँदा अधुरा रहेका राजधानीका विभिन्न ३ ठाउँका घना सुकुम्बासी बस्तीमा शनिवार उनले डोजर चलाइ छाडे । यसपटक उनलाई सुकुम्बासीले नै साथ दिएपछि कयौं सरकारहरुले चाहेर वा नचाहेर गर्न नसकेको काम फत्ते गरे । पुर्ब सुचना दिइकन उनले सुकुम्बासी बस्तीमा डोजर चलाए । त्यहाँ रहेका परिवारहरुलाई खानेबस्ने ब्यवस्था सहित वास्तविक सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने प्रतिबद्धता समेत दोह्रर्याएका छन् । वास्तम्बमा सुकुम्बासीका नाममा हुकुमबासी खेद्ने र वास्तविक सुकुम्बासीको लगत संकलन गरेर उनीहरुलाई ब्यवस्थीत घरजमका लागि सघाउने सरकारको कदम सहि छ ।

सुकुम्बासी एरियामा मात्र होइन बालेन सरकार बनेयता विकृति र विसंगतीका धैरै ठाउँहरुमा डोजर चलाइएको छ । स्वतन्त्र वुद्धिजिवीहरुले सरकारले एकैचोटी विकृतिका धैरै अण्डाहरुमा प्रहार गर्यो । एकैचोटी भन्दा पनि क्रमश गर्नुपर्थ्यो भन्ने भनाइहरु छन् । तर सरकारले विसंगतीहरुमाथी चलाएको डोजर पुराना दलहरुको छातिमै बम प्रहार गरे बराबर भएको छ । उनीहरुले खुलेर विरोध गर्न सकेका छैनन् । सर्पोट त गर्ने कुरा नै भएन । जस्तो कि सरकारले सार्वजनिक रुपमा प्रश्नहरु उठेपछि र बाहिर आएका तथ्यहरुले आशंका उब्जिएपछि आफनै दुईमन्त्री माथी डोजर चलायो । त्यो पनि एउटा उदाहरणीय काम हो । विगतका सरकारहरु हत्तपत्त त्यसनिम्ती तयार हुन्थेनन् ।

तथ्य सहित प्रश्नहरु उठेपछि पदमा बसिरहनु हुदैन र बसिराख्न पनि हुदैन । त्यहाँ सत्यतथ्यको जाँच आवश्यक हुन्छ । फलत उद्योग मन्त्री दिपक शाह र गृहमन्त्री सुधन गुरुङ्गलाई सरकारले राजनीनामा गरायो ।

सबैभन्दा महत्वपुर्ण त सरकारले यसबीच ०६३ यताका उच्चपदस्थहरुको सम्पति छानबीन गर्न छुट्टै आयोग बनाएको छ । यो आयोगले कति काम गर्न सक्ला वा नसक्ला त्यो बेग्लै कुरा भयो । तर आयोग आफनो उदेश्यमा सफल भएमा देश र जनताको पसिनाको कर माथी भष्ट्राचारको आतंक मच्चाउनेहरुको मुटुमा डोजर लाग्नेछ । र, राज्यको घुमाइफिराँइ लुटिएका धन सरकार माताहात आउने वातावरण वन्नेछ ।

ऋर्को सरकारले नापी, मालपोत तथा सवारी




लाइसेन्स वितरण कार्यालयहरुमा रहेका विचौलिया तथा कमिशनखोरहरुमाथी डोजर चलायो । स-साना कामहरुमा पनि घुश र कमिशन मागेर सेवाग्राही हैरान बनाउने अड्डाका कयौं त्यस्ता मानिसहरुलाई सरकारले गिरफतार समेत गर्यो । यसबीच भ्रष्टहरुका ठुला फाइलहरु पनि खोल्न थालिएका छन् । जस्तो कि दिपक भटट, सुलभ अग्रवाल लगायतका विचौलियाहरुको साम्राज्यमाथी यसबीच सरकारले डोजर चलाइएको छ । ति विचौलियाहरुसँग मिलेर वित्तिय क्षेत्रमा कयौं अपराध गर्ने व्यापारिहरु समेत समातिएका छन् । त्यो बडो राम्रो कदम हो । एकाथरी मानिसहरु रातदिन पसिना बगाएर दुई छाक टार्न सकेका छैनन् । अर्काथरीहरुको पैसाको थुप्रोमाथी थप थुप्रो लगाउन खुल्लमखुल्ला निमुखा जनतामाथी अपराध गरिरहेका छन् । ति जतिसुकै ठुला ब्यापारी हुन् । तीनिहरु कार्वाहीमा आउनै पर्छ । कानुन भनेको सानो वा ठुलो सबैलाई लाग्नु पर्छ । फेरि वित्तिय क्षेत्रका अपराधमाथी डोजर नचलाउने हो भने सम्पति शुद्धिकरणमा ग्रे लिष्टमा परेको हाम्रो देश कालोसुचीमा पर्न बेर छैन । यदी कालोधनको अपराधलाई सफा गरेर त्यसलाई करको दायरामा ल्याइएन भने हामी निश्चित रुपमा अपराधबाट आर्जित सम्पत्ति व्यवस्थापन (सम्पत्ति शुद्धीकरण)वारे विश्व्यापी अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्सको कालोसुचीमा पर्ने छौ । त्यसरी कालोसुचीमा परियो भने नेपालीले विदेश जान भिषा सकेत नपाउन सक्छन् । नेपालमा विदेशी लगानीहरु आउँदैनन् । नेपालमाथी आर्थिक नाकाबन्दी नै लाग्न सक्छ । नेपाली मुद्राको कुनै भ्यालु नहुन सक्छ । त्यसकारण बालेन सरकारले थालेको शुद्धिकरण अभियान बहुत सही छ । तर त्यसलाई निष्कर्षमा पुर्याउनु पर्छ । त्यसक्रममा कुनैपनि निर्दोश मानिसहरुमाथी भने अन्याय हुनुहुदैन । राज्यले पहिले धरपकड गर्ने, उसको मान प्रतिष्ठा मिट्टीमा मिलाउने अनि प्रमाण नपुगेर छोड्ने अवस्था आउनु हुदैन । अर्थात राज्यले दोषि उपर कार्वाही गर्नु भन्दा पनि निर्दोषहरुमाथी हुने धरपक्कट घनघोर अन्याय हुन जान्छ ।

जस्तो ६३ लाख भन्दा बढी मानिस आबद्ध शेयर बजारमा दर्जन बढी विचौलियाहरुको साम्राज्य चलिरहेको रहेछ । त्यहाँ बालेन सरकारले डोजर चलाएर ठीक गरेको हो । किनकी सेयर बजारमा धेरै त्यस्ता मानिसहरु छन् जसले खाइनखाइ गरेर कमाएको पैसा थोपा थोपा गरी लगानी गरेका छन् । ति सोझा सिधा लगानीकर्ताहरुमाथी अन्याय गर्ने विचौलियाहरुमाथी कार्वाही जरुरी थियो । फलस्वप विभिन्न कम्पनीहरु मार्फत विभिन्न तिकडम अपनाएर शेयर बजारका सोझा सिधा लगानीकर्ताहरुलाई लुट्न पल्केकाहरु माथी सरकारले डोजर चलाएको छ । तिनीहरु माथी सघन अनुसन्धान गरेर सत्यतथ्य पत्ता लगाइ ठगीएका लगानीकर्ताहरु लाभग्राही हुने स्थीति बन्नुपर्छ । त्यसकारण शेयर बजारका विचौलियाहरु माथी बालेन सरकारले डोजर चलाउँदा आम लगानीकर्ताहरु आत्तिन पर्दैन । किनकी देशमा सबै मानिसहरु चोरैचोर, फटाहा नै फटाहा मात्र छैनन् । शेयर बजारमा यस्ता फटाहाहरु धेरै पनि नहोलान् । त्यसकारण बालेन सरकारको सफाई र शुद्धिकरण अभियानले बजारको आत्मबल बढ्नु पर्छ । किनकी बजारको शुद्धिकरण उज्वल भविष्यको संकेत हो । किनकी रवी बार फेरी पनि आउँछ । अहिले थोरै घञ्चामच्चा भएपनि सुकिलो भएर सगरमाथाको उचाइ भर्ने शेयर बजारको दिन पक्कै आउँछ । चाँडै नै आउँछ ।

त्यसैगरी सरकारले ठुलठुला ठेक्का विभिन्न अनधिकृत काइदा अपनाएर हत्याउने अनि कामै नगर्ने ठेकेदारहरुमाथी पनि डोजर चलाउन थालेको छ । शुक्रबार ठुला ठेकेदार तथा राप्रपाका नेता बन्दी पाण्डेलाई यस्तै आरोपमा पक्राउ गरेको छ । त्यसक्षेत्रमा पनि डोजर चलाएर सरकारले शुद्धिकरण थालेको छ । सरकारले नीजि स्कुल तथा कलेजहरुको हकमा पनि विभिन्न नयाँ नियम लगाएको छ । गरिव जनताको ढाड सेक्ने हिसावले फि लिने, घुमाएर फिराएर लिनेहरुमाथी पनि डोजर लगाउन आवश्यक छ ।

अहिलेसम्मको काम कार्वाही हेर्दा सरकार ठीक दिशामा छ । केही अपवाद जस्तो विधार्थी संगठन खारेज गर्ने, सरकारी विज्ञापन नीजि क्षेत्रलाई नदिने जस्ता सरकारी निर्णय अलोकतान्त्रिक छ । जुन राज्यले ०४८ सालदेखि अबलम्बन गर्दै आएको खुल्ला बजार अर्थतन्त्रको विरुद्धमा छ । र, रास्वपाको आफनै वाचापत्रको खिलापमा पनि छ । किनकी लोकतान्त्रिक परिपाटी र संविधान भएको देशमा निषेध गर्न खोजिनु गलत कदम हो । सायद सरकारले त्यसमा सही कदम लिन्छ होला । विज्ञापन क्षेत्रको भष्ट्राचार र अनियमितता नियमन गर्नेगरी बन्देजको आफनो निर्णय फिर्ता गर्नुपर्छ । संविधान प्रदत्त लोकतान्त्रिक अधिकारलाई कुन्ठीत गर्ने अधिकार सरकारलाई पनि छैन । किनकी अहिलेको लोकतन्त्र वा गणतन्त्र ल्याउन धेरैले रगत, पसिना बगाएका छन् । त्यसकारण विधार्थी संगठनहरुका विसंगतीहरुमाथी, विज्ञापन क्षेत्रको विचौलियाहरुमाथी डोजर चलाइयोस् तर त्यसक्षेत्रलाई बन्देज होइन् नियमन सहित खुल्ला गरियोस् । अरु त बालेन सरकारको विसंगती माथीको डोजर अभियान शुद्धिकरणको एउटा सार्थक पहलकदमी नै हो ।

# पहलगाम आक्रमणदेखि अन्तर्राष्ट्रिय कूटनीतिसम्म: पाकिस्तानमाथि बढ्दो अविश्वास र आतंकवादको जटिल यथार्थ



अनिल तिवारी

जम्मु-कश्मीरको पहलगाम मा २२ अप्रिल २०२५ मा भएको भीषण आतंकी आक्रमणले दक्षिण एशियाको सुरक्षा अवस्थालाई मात्र होइन, अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्धलाई समेत गहिरो रूपमा प्रभावित गरेको छ। घटनाको एक वर्ष बितिसक्दा पनि यसको पीडा केवल भारतीय समाजमै सीमित छैन, यसले एक नेपाली परिवारलाई दिएको घाउ पनि अझै ताजा छ। निर्दोष नागरिकमाथि लक्षित यस्तो क्रूर आक्रमणले शान्ति, सहअस्तित्व र मानवताको आधारभूत मूल्यहरूलाई चुनौती दिएको छ।

पहलगाममा भएको आक्रमणमा एक नेपालीसहित २६ जना पर्यटकलाई धर्मका आधारमा छुट्याएर निर्ममतापूर्वक हत्या गरिएको थियो। यस्तो विभेदपूर्ण हिंसाले आतंकवादको भयावहता मात्र होइन, यसको वैचारिक चरित्र पनि उजागर गर्छ। आक्रमणको जिम्मेवारी द रेसिस्टेन्स फ्रन्ट (टीआरएफ) ले लिएको थियो, जसलाई लश्कर-ए-तैयबा (एलईटी) को सहायक संगठनका रूपमा हेरिन्छ। टीआरएफलाई अमेरिका ले अन्तर्राष्ट्रिय आतंकवादी संगठनको सूचीमा राखिसकेको छ, जसले यस घटनाको गम्भीरतालाई विश्वव्यापी रूपमा पुष्टि गर्छ।

विश्लेषकहरूका अनुसार, जम्मु-कश्मीरमा निर्वाचन सम्पन्न भई विकास र स्थायित्वतर्फ अघि बढिरहेको अवस्थामा यस्तो आक्रमण हुनु आकस्मिक होइन। यसको उद्देश्य शान्ति प्रक्रियालाई कमजोर बनाउनु र पुनः अस्थिरता सिर्जना गर्नु रहेको देखिन्छ।

पाकिस्तान लाई लामो समयदेखि आतंकवादसँग जोडेर हेर्ने अन्तर्राष्ट्रिय दृष्टिकोण अझै पूर्ण रूपमा परिवर्तन हुन सकेको छैन। विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले पाकिस्तानमा सक्रिय उग्रवादी समूहहरूको उपस्थिति औंल्याउँदै आएका छन्। पहलगाम आक्रमणपछि यो बहस झनै तीव्र बनेको छ।

घटनामा संलग्न तीन पाकिस्तानी सन्दिग्धहरू जुलाई २०२५ मा श्रीनगरनजिकै मारिएका थिए। उनीहरूमध्ये एक पाकिस्तान नियन्त्रित कश्मीरका बासिन्दा रहेको पुष्टि भएपछि सीमापार संलग्नताको आशंका बलियो बनेको भारतीय विश्लेषणहरूमा उल्लेख गरिएको छ। यद्यपि पाकिस्तानले यस्ता आरोपहरूलाई सधैं अस्वीकार गर्दै आएको छ।


यही सन्दर्भमा भारत र पाकिस्तानबीच आरोप-प्रत्यारोपको चक्र पुनः सक्रिय भएको छ। भारतले पाकिस्तानलाई आतंकवादको संरक्षणकर्ता भनेको छ भने पाकिस्तानले त्यसलाई "प्रोपेगाण्डा" भन्दै खारेज गरेको छ।

पहलगाम आक्रमणको पहिलो वार्षिकीका अवसरमा पाकिस्तानले भारतको बयानप्रति कडा प्रतिक्रिया जनाएको छ। पाकिस्तानका अनुसार भारतले घरेलु राजनीतिक लाभका लागि निराधार आरोप लगाउँदै दुष्प्रचार गरिरहेको छ। पाकिस्तानी विदेश कार्यालयले यसलाई "झूटो न्यारेटिभ" को रूपमा चित्रित गरेको छ।

पाकिस्तानका सूचना मन्त्री अताउल्लाह तरार ले भारतले कुनै ठोस प्रमाण प्रस्तुत गर्न नसकेको दाबी गर्दै यस घटनालाई "फा'ल्स फ्ल्याग अपरेशन" हुनसक्ने बताएका छन्। तर भारतले भने "आतंकवाद र वार्ता सँगसँगै चल्न सक्दैन" भन्ने आफ्नो अडान दोहोर्‍याएको छ।

### आतंकवादको बदलिादो स्वरूप

आधुनिक समयमा आतंकवादको स्वरूप पनि परिवर्तन हुँदै गएको छ। डिजिटल वालेट र क्रिप्टोकरन्सीमार्फत हुने गोप्य वित्तीय लेनदेनले सुरक्षा निकायहरूलाई नयाँ चुनौती




दिएको छ। यसले आतंकवादी गतिविधिलाई पहिचान गर्न र नियन्त्रण गर्न झनै कठिन बनाएको छ।

जैश-ए-मोहम्मद जस्ता संगठनहरूले नयाँ रणनीति अपनाउँदै महिला विंग गठन गर्नु, समुद्री तालिम विस्तार गर्नु जस्ता गतिविधिहरूले आतंकवादको संरचना अझ संगठित र बहुआयामिक बन्दै गएको संकेत गर्छ।

यस घटनाक्रमले केवल दक्षिण एशियामै सीमित प्रभाव पारेको छैन। अमेरिका र इरान बीच इस्लामाबादमा भएको वार्ता असफल हुनु पनि व्यापक अविश्वासको संकेत हो। परमाणु कार्यक्रम, प्रतिबन्ध र रणनीतिक मतभेदका कारण सहमति बन्न सकेन।

यो आक्रमण केवल मानव जीवनमाथिको हमला मात्र होइन, कश्मीरको पुनरुत्थानमाथिको प्रहार पनि हो। पछिल्ला वर्षहरूमा पर्यटन क्षेत्रले गति लिँदै शान्ति र सामान्य अवस्थाको संकेत दिन थालेको थियो। पर्यटन केवल आर्थिक गतिविधि मात्र नभई सामाजिक पुनर्संयोजन र आशाको प्रतीक पनि हो। आक्रमणकारीहरूले यही सन्देशलाई कमजोर पार्न पर्यटकलाई लक्ष्य बनाएको स्पष्ट देखिन्छ।

आतंकवाद कुनै एक देश वा क्षेत्रको समस्या होइन, यो सम्पूर्ण मानवताको साझा चुनौती हो। जब निर्दोष नागरिक, पर्यटक र निहत्था मानिसहरू लक्षित हुन्छन्, तब त्यो अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा र मानवअधिकारमाथिको आक्रमण बन्छ।

अन्ततः, पहलगाम आक्रमण केवल दुःखद सम्झना मात्र बनेर सीमित रहनु हुँदैन। यसले विश्वलाई एकजुट भएर आतंकवादविरुद्ध ठोस कदम चाल्ने प्रेरणा दिनुपर्छ। शान्त, सुन्दर पहलगाम अब एक चेतावनीको प्रतीक बनेको छ–जहाँबाट विश्वले एकता, न्याय र दृढ संकल्पको नयाँ यात्रा सुरु गर्नुपर्नेछ। यसमा होर्मुज जलमार्ग जस्तो संवेदनशील क्षेत्र पनि जोडिएको छ, जसले विश्व ऊर्जा आपूर्तिमा महत्वपूर्ण भूमिका खेल्छ। यस्तो अवस्थामा कूटनीतिक असफलताले विश्व अर्थतन्त्रमा समेत प्रभाव पार्न सक्छ।

इजरायल जस्ता देशहरूले पाकिस्तानप्रति अविश्वास जनाउँदै त्यहाँ हुने वार्तामा सहभागी हुन अस्वीकार गरेका छन्। यसले पाकिस्तानको कूटनीतिक विश्वसनीयतामा गम्भीर प्रश्न उठाएको छ।

पाकिस्तानले आफूलाई आतंकवादविरुद्ध लड्ने देशको रूपमा प्रस्तुत गरे पनि अन्तर्राष्ट्रिय समुदायमा त्यो धारणा पूर्ण रूपमा स्थापित हुन सकेको छैन। विगतका घटनाहरू, विभिन्न आतंकी समूहहरूको उपस्थिति र सीमापार गतिविधिहरूले उसको छविमा असर पारेको छ।

पहलगाम आक्रमण केवल एउटा घटना होइन, यो दक्षिण एशियाको गहिरो भू-राजनीतिक जटिलताको प्रतीक हो। यसले देखाएको छ कि आतंकवाद, राजनीति र कूटनीति एकअर्कासँग गहिरो रूपमा गाँसिएका छन्।

दीर्घकालीन समाधानका लागि केवल आरोप-प्रत्यारोप पर्याप्त हुँदैन। विश्वास निर्माण, पारदर्शिता र अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य हुन्छ। यदि राष्ट्रहरू आफ्नो राजनीतिक स्वार्थभन्दा माथि उठेर शान्ति र स्थायित्वलाई प्राथमिकता दिन तयार भएनन् भने यस्ता घटनाहरू दोहोरिन सक्ने खतरा रहिरहन्छ।

पहलगामका शान्त मैदानहरू अब केवल दुःखको प्रतीक मात्र होइनन्; ती अब एकताको आह्वान, न्यायको माग, र विश्वव्यापी सहकार्यको प्रतीक बन्नुपर्छ। पीडितहरू, तिनका परिवार, र मानवताको मूल्यहरूका लागि हामी सबैले एकजुट भएर उभिनु आवश्यक छ।

अन्ततः, दक्षिण एशियामा स्थायी शान्ति स्थापना गर्न सबै पक्षले जिम्मेवार व्यवहार देखाउनु आवश्यक छ। अन्यथा, पहलगामजस्ता घटनाहरू इतिहासमा मात्र सीमित नहुने, भविष्यका चेतावनीका रूपमा पुनः दोहोरिन सक्नेछन्।

# ‘पूर्वप्रधानमन्त्री अधिकारी प्रतिकूल परिस्थितिमा पनि निष्ठा नत्याग्ने नेता’



काठमाण्डु । नेपालका प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का पूर्वअध्यक्ष मनमोहन अधिकारीको आइतबार २७औँ स्मृति दिवस मनाइएको छ। मनमोहन स्मृति प्रतिष्ठानले आज ललितपुरको सानेपास्थित उहाँको शालिकमा माल्यार्पणसहित सभा आयोजना गरेको थियो ।

कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष एवं एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अधिकारीलाई अविचलित निष्ठाको प्रतीकका रूपमा चित्रण गर्नुभयो । उहाँले प्रतिष्ठानलाई स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने दिवङ्गत व्यक्तित्वको स्मरण गर्दै प्रतिष्ठानका पूर्वसचिव हरिप्रसाद शर्मा काफ्ले, गोविन्द गजुरेल, डा गोविन्द थापा र लक्ष्मीदास मानन्धरको योगदानले नै मनमोहन अधिकारीको विचारलाई संस्थागत गर्न मद्दत पुगेको बताउनुभयो ।

नेता पोखरेलले अधिकारी नेपाल कम्युनिष्ट पार्टी स्थापना हुनुभन्दाअघिदेखि नै आन्दोलनमा सक्रिय रहेको उल्लेख गर्दै भारतमा रहँदा भारतीय स्वतन्त्रता सङ्ग्राममा सहभागी भई उहाँले जेलजीवनसमेत बिताएका स्मरण गर्नुभयो ।

कार्यक्रममा एमाले नेता प्रदीपकुमार ज्ञवालीले पछिल्लो समय राजनीतिमा केही पुस्ताको नाममा अतिवादी सोच हाबी भएको बताउँदै परिपक्व नेतृत्वको मार्गदर्शन र युवा ऊर्जाको संयोजनबाट मात्र देश बन्ने बताउनुभयो । उहाँले नेपालको कम्युनिष्ट आन्दोलनलाई इतिहासमा नै ठूलो धक्का लागेको धारणा राख्नुभयो ।

त्यस अवसरमा वक्ताहरूले पूर्वप्रधानमन्त्री अधिकारी प्रतिकूल परिस्थितिमा पनि निष्ठा नत्याग्ने नेता भएको भन्दै उहाँको योगदानको चर्चा गरेका थिए। रासस

# शिक्षा क्षेत्रलाई दलीय राजनीतिमुक्त बनाउन शिक्षामन्त्रीको पहल

काठमाण्डु । सरकारले मुलुकको समग्र शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत र संरचनागत सुधारका काम अगाडि बढाएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेको एक महिनाको अवधिमा शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न विद्यालय र विश्वविद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउनेदेखि शैक्षिक वातावरण, गुणस्तर अभिवृद्धि, अनलाइनबाट एनओसी लिनेजस्ता महत्वपूर्ण निर्णय गरिएको छ।



यसबीचमा विद्यार्थी भर्ना र शुल्क व्यवस्थापन, शैक्षिक क्यालेन्डर सुधारका कामलाई पनि कार्यान्वयनमा ल्याइएको छ। शिक्षामन्त्री पोखरेलले शिक्षाक्षेत्र दलीय राजनीतिमुक्त बनाउन हस्तक्षेपकारी पहल गर्नुभएको छ। दलीय सङ्गठनको विकल्पमा विद्यार्थीको वास्तविक प्रतिनिधित्व गराउन आगामी ९० दिनभित्र ‘स्टुडेन्ट काउन्सिल’ वा ‘भ्वाइस अफ स्टुडेन्ट’ जस्ता गैरराजनीतिक संयन्त्रको विकास गरिनेछ। साठी दिनभित्र शिक्षण संस्थाबाट दलीय आधारमा बनेका सङ्गठनका संरचना हटाइने १०० बुँदे कार्यसूचीमा उल्लेख छ। काठमाडौँ विश्वविद्यालयबाट ‘स्टुडेन्ट’ काउन्सिल कार्य सुरु भएको छ।

विश्वविद्यालय समन्वय समितिको हालैको निर्णयअनुसार सबैलाई विद्यार्थी सङ्गठन स्थापनका लागि भवन, जमिन उपलब्ध नगराउने, सङ्गठनका भौतिक सङ्केत हटाउने र कुनै कानुनी व्यवस्था गरेको भए खारेज गर्ने निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

**स्नातक तहसम्मको अध्ययन गर्न नागरिकता नचाहिने**

शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने निर्णय गरिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले सार्वजनिक गरेको शासकीय सुधारको १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ८८ मा विद्यार्थीलाई स्नातकसम्मको अध्ययनका लागि नागरिकता आवश्यक नपर्नेगरी विश्वविद्यालयले तत्काल कार्यविधि बनाउनुपर्ने उल्लेख छ। काठमाडौँ विश्वविद्यालयले कार्यविधि बनाउन लागेको छ भने अन्य विश्वविद्यालय कार्यान्वयनमा गइसकेका छन् ।

यस्तै, शैक्षिक क्यालेन्डरअनुसार समयमै नतिजा सार्वजनिक गर्ने र आगामी शैक्षिकसत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षा बन्द गरी ‘वैकल्पिक मूल्याङ्कन प्रणाली’ लागू गर्ने तयारी गरिएको छ। नतिजामा आधारित शासकीय प्रबन्ध ‘डेलिभरी बेस्ट गभर्नेन्स’का लागि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्न परिपत्र भएको र सम्बन्धित संस्थाबाट कार्यतालिका तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको क्षमता विस्तार गर्नका लागि जिआइडिसीमा भएको ‘नेटवर्क इस्यु’को समाधान भएको छ।

**परीक्षाको दुई महिनाभित्रै नतिजा**

सिकाइ चौतारी मोबाइल एप विकास गरी सञ्चालनमा ल्याइएको छ। माध्यमिक शिक्षा परीक्षाको नतिजा परीक्षा सम्पन्न भएको दुई महिनाभित्र नै रिजल्ट आउनेगरी तयारी भइरहेको छ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम संस्थागत विद्यालयले अनिवार्य रुपमा छात्रवृत्ति उपलब्ध गराउनका लागि मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र भई सोको प्रतिवेदनसमेत प्राप्त भइसकेको छ। जेनजी आन्दोलनबाट प्रभावित परिवार र नागरिकलाई सरकारी सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीका अवसर, सीप, विकास, मनोसामाजिक परामर्श तथा पुनःस्थापना गर्न मन्त्रालयबाट परिपत्र भएको छ।

प्रमाणपत्रहरु नागरिकले आधिकारिक मोबाइल एप, नागरिक एप वा इमेलमा डाउनलोड गर्न मिल्ने व्यवस्था मिलाउन विश्वविद्यालयलाई पत्राचार गरिएको छ। नेपाललाई आरोग्य पर्यटनको ‘हब’ बनाउन पाठ्यक्रम विकास केन्द्रलाई मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जनका बखत आरोग्य पर्यटनको नीति र सिद्धान्तलाई अनुशरण गर्न परिपत्र गरिएको छ।

**अब घरबाटै ‘एनओसी लेटर’**

वैदेशिक अध्ययनमा जाने विद्यार्थीले अब घरबाटै वैदेशिक अध्ययन अनुमतिपत्र ‘नो अब्जेक्सन सर्टिफिकेट’ (एनओसी) लिनसक्ने भएका छन् । शिक्षा मन्त्रालयअन्तर्गतको एनओसी शाखाले ‘ एनओसी सर्टिफिकेट’लाई फेसलेस बनाउन एनओसी अनलाइन पोर्टल र त्रिभुवन विश्वविद्यालय (त्रिवि) तथा काठमाडौँ विश्वविद्यालय(केयु)बीच हालै एपिआई गर्ने कार्य सम्पन्न गरेको हो। केयुसँग यसअघि नै सम्झौता भइसकेको छ । योसँगै विद्यार्थीले घरमै बसेर अनलाइनमार्फत एनओसीका लागि आवेदन दिन सक्नेछन् ।

अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेअनुरुप उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न मन्त्रालयबीच समन्वय गरी अवधारणापत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ। रासस

## ‘टीयू डिक्लरेसन’ सहित १३ बुँदे प्रस्ताव पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को केन्द्रीय सचिवालय बैठकले विभिन्न १३ बुँदे प्रस्ताव पारित गर्दै सार्वजनिक गरेको छ।

अध्यक्ष दीपक धामीको अध्यक्षतामा बसेको केन्द्रीय सचिवालय बैठकले अनेरास्ववियु ‘टीयू डिक्लरेसन’ जारी गर्दै समसामयिक विभिन्न १३ बुँदे प्रस्ताव पारित गरेको छ।

सो बैठकपछि अध्यक्ष धामीले जारी गरेको विज्ञप्तिमा नेपालको शैक्षिक सुधार, जनजीविका, राष्ट्रियता, लोकतान्त्रिक आन्दोलनका प्रेरक शक्ति विद्यार्थी संगठनमाथि सरकारले गर्न खोजेको निषेधको निर्णयलाई बैठकले खारेज गरेको जनाएको उल्लेख गरिएको छ।

‘एकातर्फ नेपालका मौलिक राजनीतिक शक्तिलाई खारेजी र निषेध गर्ने अर्कोतर्फ विदेशी काउन्सिलहरूलाई खुल्ला छाड्ने सरकारी रवैयाको यो बैठक घोर भर्त्सना गर्दछ’, विज्ञप्तिमा उल्लेख गरिएको छ।

यसका साथै अनेरास्ववियुले जनताको बलीदानीपूर्ण सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रका स्थापित मौलिक हकहरूमाथि सरकार पक्षबाट देखा पर्न खोजेका प्रतिगमनकारी कदमको दृढ प्रतिकार गर्न सबै प्रगतिशील जनवादी विद्यार्थीहरूलाई गोलबद्ध गराउँदै लोकतन्त्रको पक्षमा सशक्त अभियानहरू सञ्चालन गर्ने जनाएको छ।

# ‘रास्वपाले इच्छाशक्तिसहित काम गरे संघीयताका धेरै समस्या समाधान हुन्छ’

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का केन्द्रीय सदस्य माधव सापकोटा ‘सुबोध’ले कानूनी अस्पष्टता र तहगत बजेट दोहोरोपनाका कारण संघीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताएका छन् ।




काठमाण्डुमा आइतबार आयोजित एक कार्यक्रममा बोल्दै सापकोटाले संविधानले सबै तहका सरकारलाई स्रोत-साधन उपयोगको अधिकार दिएको भएपनि त्यसअनुसार आवश्यक कानून नबन्दा अन्तरविरोध उत्पन्न भएको दाबी गरे ।

उनले भने, ‘सबै तहको सरकारलाई आफ्नो प्रकारको स्रोत र साधनहरु प्रयोग गर्ने अधिकार दिइएको छ। तर कानूनले त्यसको व्यवस्था गरिनसकेका कारण अन्तरविरोधी छ । स्थानीय तह, प्रदेश सरकार संघीय सरकारले पूर्वाधारको क्षेत्रमा एउटै प्रकार र एउटै चरित्रको बजेट निर्माण गर्छ।’

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले पूर्वाधार क्षेत्रमा एउटै प्रकृति र चरित्रको बजेट निर्माण गर्दा प्रभावकारिता घटेको टिप्पणी गरे। उनले शिक्षा, स्वास्थ्य र कृषिजस्ता क्षेत्रमा स्थानीय सरकारको बजेट केन्द्रित हुनुपर्ने र संविधानअनुकूल कानून निर्माणका लागि संघीय सरकारले अग्रसरता लिनुपर्नेमा जोड दिए । नेता सापकोटोले भने, ‘ शिक्षा, स्वास्थ्य र कृषिमा स्थानीय सरकारको बजेट केन्द्रित गर्नुपर्ने र संविधानअनुकूलका कानून निर्माणका लागि संघीय सरकारले गर्नुपर्छ । अहिले रास्वपाले झण्डै दुई तिहाइसहित संसदको नेतृत्व गरेको छ । इच्छाशक्तिका साथ काम गर्ने हो भने संघीयतासम्बन्धी धेरै समस्या समाधान हुन्छन् भन्ने मेरो बुझाइ छ।’

# नेपाल आउँदै भारतीय विदेश सचिव मिस्री

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतका विदेश सचिव विक्रम मिस्री नेपाल भ्रमणमा आउने भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह (बालेन) को नेतृत्वमा सरकार गठन भएपछि भारतबाट हुने यो पहिलो उच्चस्तरीय भ्रमण हुने भएको छ।



विदेश सचिव मिस्रीले नेपाल आएपछि नयाँ सरकारलाई बधाई सन्देश दिने र प्रधानमन्त्री बालेनको भारत भ्रमणको विषय टुंगो लगाइने भएको छ।

उनले भारत भ्रमणमा रहेका नेपाली पत्रकारहरूसंग मन्त्रालयमा कुराकानी गर्दै छिट्टै नेपाल आउने योजना रहे पनि मिति भने तय नभएको उनले बताए । यसका साथै उनले नेपालका परराष्ट्रमन्त्रीसँग यसबारे निरन्तर छलफल भइरहेको पनि बताए।

यसअघि मोरिससमा आयोजित एक कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्री एस. जयशंकरबिच भेटवार्ता भएको थियो। सो भेटमा प्रधानमन्त्री बालेन शाहको भारत भ्रमणको विषयमा पनि छलफल भएको थियो।

प्रधानमन्त्री बालेनले भारतको निमन्त्रणा स्वीकार गरिसकेका छन् भने उपयुक्त समयमा भारत भ्रमण गर्ने बताएका छन्। उनको भ्रमणअघि भारतबाट उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल पठाइने जानकारी दिइएको थियो।

विदेशमन्त्री जयशंकरले विदेश सचिवलाई नेपाल पठाउने प्रतिबद्धता जनाएपछि मिस्रीको भ्रमण प्रक्रिया अघि बढाइएको छ।

# राष्ट्रिय जनमोर्चाले चैतमा राष्ट्रिय सम्मेलन गर्ने

**टुडे समाचारदाता**

बुटवल। राष्ट्रिय जनमोर्चाले आगामी चैत २४, २५ र २६ गते पाँचौँ राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरिएको जनाएको छ।



रुपन्देहीको बुटवलमा अध्यक्ष केसीको अध्यक्षतामा सम्पन्न दुई दिने केन्द्रीय समितिको बैठकबाट यसअघि मंसिरका लागि तय गरिएको सम्मेलनलाई केही समय सारेर नयाँ मिति तय गरेको अध्यक्ष चित्रबहादुर केसीले जानकारी दिए।

त्यस्तै बैठकबाट पारित गरेको राजनीतिक प्रतिवेदनमा गत फागुन २१ गतेको निर्वाचनको समीक्षा गर्दै पार्टीले अपेक्षित परिणाम प्राप्त गर्न नसके पनि राष्ट्रघात र वैदेशिक हस्तक्षेपविरुद्ध जनतालाई सचेत पार्न सफल भएको उल्लेख गरिएको केसीले बताए।

संविधान संशोधनको विषयमा धारणा सार्वजनिक गर्दै जनमोर्चाले मुलुकलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको प्रणालीमा लैजानु अधिनायकवादतर्फको यात्रा हुने चेतावनी दिएको छ। संसदीय प्रणालीलाई कमजोर पारेर साम्राज्यवादी शक्तिले आफ्नो स्वार्थ पूरा गर्न खोजेको भन्दै पार्टीले हालको मिश्रित निर्वाचन प्रणाली नै उपयुक्त भएको ठहर गरेको छ।

यसका साथै सरकारले नेपाललाई ‘बफर स्टेट’ का रूपमा प्रस्तुत गर्नु गलत भएको र विद्यार्थी संगठनमाथिको नियन्त्रण, ट्रेड युनियनको अधिकार कटौती तथा सुकुमबासी बस्तीमा डोजर चलाउने कार्यले सरकारको अधिनायकवादी चरित्र पुष्टि गरेको बैठकको निष्कर्ष छ।

बैठकले रिक्त केन्द्रीय सदस्य पदमा मकवानपुरका सानोभाई कार्की र सल्लाहकारमा सिन्धुपाल्चोककी गंगा पौडेल तथा पुरुषोत्तम कँडेललाई मनोनयन गरेको छ।

आगामी कार्यक्रमअन्तर्गत जनमोर्चाले वैशाख २६ गते काठमाण्डुमा संविधान संशोधनका विषयमा बृहत अन्तरक्रिया गर्ने भएको छ। त्यस्तै वैशाख २९ देखि जेठ १७ गतेसम्म देशका विभिन्न मुख्य सहरहरूमा शीर्ष नेताहरूको उपस्थितिमा जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने कार्यतालिका सार्वजनिक गरेको छ। वैशाख १५ देखि जेठ मसान्तसम्म सबै तहका समितिहरूको बैठक बस्ने र सदस्यता वितरणलाई तीव्रता दिने सांगठनिक योजना लगायतका कार्यक्रमहरु अघि सार्ने पार्टीको योजना रहेको छ।

# साना तथा मझौला व्यवसायी अर्थतन्त्रका मेरुदण्ड हुन्छः अध्यक्ष दाहाल

काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले साना तथा मझौला उद्योगी व्यवसायी मुलुकको अर्थतन्त्रको मुख्य मेरुदण्ड भएको बताउनुभएको छ।




साना तथा मझौला व्यवसायीको छाता संस्था नेपाल राष्ट्रिय व्यवसायी महासङ्घको आठौँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले स्थानीय उत्पादन, रोजगारी सिर्जना र उद्यमशीलताको विकासमा साना व्यवसायीको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुभयो । नेपालमा समस्याको व्याख्या गर्ने र भाषण गर्नेको कमी नभए पनि व्यवहारमा परिवर्तन ल्याउनेको अभाव रहेको उहाँको भनाइ थियो।

“हामी व्याख्या धेरै गर्छौं, तर बदल्ने कुरामा ध्यान दिँदैनौँ, अब व्याख्या मात्र होइन, ठोस काम गरेर देखाउनुपर्ने बेला आएको छ”, अध्यक्ष दाहालले भन्नुभयो। बजेट निर्माण हुनुभन्दा अगाडि नै अर्थमन्त्रीसँग बसेर व्यवसायीका समस्याबारे गम्भीर छलफल गर्ने उहाँले उल्लेख गर्नुभयो । बैंक तथा वित्तीय संस्थाको उच्च ब्याजदर, प्रशासनिक झन्झट, नीतिगत अस्पष्टता र बजारमा बिचौलियाको दबदबाका कारण व्यवसायी मारमा परेका अध्यक्ष दाहालले बताउनुभयो।

अध्यक्ष दाहालले सङ्घीय संसद् र विशेष गरी राष्ट्रियसभाले व्यवसायीको हकहितका लागि आवश्यक कानुन निर्माण र संशोधनमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले कर प्रणालीलाई सरल र व्यवसायीमैत्री बनाउन, युवा उद्यमीलाई प्रोत्साहन गर्न र बजारमा पारदर्शिता कायम गर्न राज्यका सम्बन्धित निकाय सक्रिय हुनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद टेकबहादुर शाक्यले उद्योगी, व्यवसायीको मागप्रति सरकार गम्भीर रहेको बताउनुभयो । उहाँले सरकार व्यवसायी र उपभोक्ता सबैको भएकाले समस्या समाधान गर्ने उल्लेख गर्नुभयो। सांसद शाक्यले निजी क्षेत्रको राय, सुझाव र सल्लाहलाई ग्रहण गरेर सरकार अगाडि बढ्ने स्पष्ट पार्नुभयो ।

महासङ्घका निवर्तमान अध्यक्ष कुमार कार्कीले व्यवसायीको समस्यालाई सरकारले नसुनेको गुनासो गर्नुभयो। उहाँले रास्वपाको नेतृत्वमा भर्खरै निर्माण भएको सरकारले उद्योगी व्यवसायीका समस्या समाधान गर्ने विश्वास व्यक्त गर्नुभयो । सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटाले विश्व अर्थतन्त्रको असर नेपालको अर्थतन्त्रमा परेको बताउनुभयो । उपभोक्ता संरक्षण ऐनले व्यवसायीलाई समस्यामा पारेको भन्दै उहाँले तत्काल समाधान गर्दै लैजानुपर्ने बताउनुभयो। नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष सुरेन्द्रकुमार श्रेष्ठले मुलुकको आर्थिक विकासका लागि निजी क्षेत्र सरकासँग हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घ काठमाडौँका अध्यक्ष दिनेश श्रेष्ठले करका दर समायोजन गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

विसं २०७४ मा २१ वटा सङ्घ मिलेर बनेको उक्त महासङ्घमा हाल १० हजार व्यवसायी आबद्ध हुनुहुन्छ । महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले कर प्रणालीलाई पुनरावलोकन गर्न आवश्यक रहेको बताउनुभयो। बढ्दो भन्सार दरले उद्योगी व्यवसायी समस्यामा परेको उहाँले बताउनुभयो। अध्यक्ष श्रेष्ठले व्यवसायीको गोदाममा मौज्दात सामान र आयतको क्रममा रहेको सामानका कारण तत्काल अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्न नसकिने बताउनुभयो। रासस

# ‘पुरानाको विरोध गर्दा जनता किन खुसी भए भन्नेबारे समीक्षा हुनुपर्छ’

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवं पूर्वअर्थमन्त्री वर्षमान पुन (अनन्त)ले पुराना दलहरूको कमजोरीको जगमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय भएको स्वीकार गर्दै यसको समीक्षा गर्नुपर्नेमा जोड दिएका छन् ।




१७३औं विश्व मजदुर दिवसका सन्दर्भमा पार्टी सम्बद्ध मजदुर सङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घद्वारा आइतबार काठमाण्डुमा आयोजित ‘वर्तमान राजनीतिक अवस्थामा ट्रेड युनियनको भूमिका’ विषयक अन्तर्क्रियामा बोल्दै पुनले ३६ वर्ष शासन सत्तामा रहेका कांग्रेस-एमाले र १८ वर्ष सत्तामा बसेका आफूहरूको कमजोरीको जगमा देशमा लोकप्रियतावादीहरूको जन्म भएको स्विकार्न हिचकिचाउन नहुने बताए।

पुराना दल, नेता तथा लोकतान्त्रिक संस्थाहरूको विरोध गर्दा जनता किन खुसी भए भन्नेबारे गम्भीर समीक्षा गरेर अघि नबढे आफूहरूतर्फ जनमत फर्कने सम्भावना नरहेको पुनको स्पष्टोक्ति थियो।

उनले भने, ‘अरू साथीहरू ३६ वर्षदेखि र हामी १८ वर्षदेखि सत्तामा छौँ । बिना कारण त मानिसमा निराशा आएन । पुराना राजनीतिक पार्टीका नेता र दलहरूको विरोध गर्दा जनता किन खुसी भए भनेर हामीले आफूलाई हेर्नुपर्छ। विद्यालय र विश्वविद्यालयमा हामीले विद्यार्थी सङ्गठन, उद्योग प्रतिष्ठानमा मजदुर सङ्गठन, सरकारी निकायमा कर्मचारी सङ्गठन र शैक्षिक संस्थामा शिक्षक सङ्गठनको परिचालनमा हामी कहाँ चुक्यौँ ? किन नागरिक संस्थाहरू खारेज हुनुपर्छ भन्दा जनता खुसी हुने अवस्था आयो ? लोकतान्त्रिक अधिकार खुम्चिँदा पनि नागरिक खुसी हुने अवस्था कसरी आयो ? यसमा पार्टीहरूले र नेताहरूले पनि आफ्ना कमजोरीको गम्भीर आत्मसमीक्षा गर्न जरुरी छ।’ रासस

# मालीमा भएका आक्रमणप्रति संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसको गम्भीर चिन्ता




रासस/एएफपी । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्तोनियो गुटेरेसले मालीमा हालै भएका समन्वित आक्रमणका घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्दै ती हिंसात्मक कार्यहरूको कडा शब्दमा निन्दा गर्नुभएको छ ।

उहाँका प्रवक्ता स्टेफान डुजारिकद्वारा जारी गरिएको विज्ञप्तिअनुसार महासचिवले उक्त घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै प्रभावित परिवार तथा सम्पूर्ण मालीका जनताप्रति हार्दिक ऐक्यबद्धता प्रकट गर्नुभएको छ ।

महासचिव गुटेरेसले नागरिकहरूको जीवन, सुरक्षा तथा सार्वजनिक पूर्वाधारको संरक्षणलाई अत्यन्त महत्वपूर्ण विषयका रूपमा उल्लेख गर्दै कुनै पनि परिस्थितिमा निर्दोष नागरिकहरू लक्षित हुने घटनाहरू अस्वीकार्य रहेको स्पष्ट पार्नुभएको छ । उहाँले मालीमा शान्ति, स्थिरता र सुरक्षाको पुनःस्थापना गर्न सबै पक्षले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको छ ।

त्यसैगरी, उहाँले साहेल क्षेत्रभरि बढ्दो हिंसात्मक चरमपन्थ र आतङ्कवादले उत्पन्न गरेको गम्भीर चुनौतीप्रति चिन्ता व्यक्त गर्दै यस समस्याको प्रभावकारी समाधानका लागि अन्तर्राष्ट्रिय समुदायबाट समन्वित, एकीकृत र दृढ सहयोग आवश्यक रहेको बताउनुभएको छ । उहाँले यस क्षेत्रमा देखिएको सुरक्षा सङ्कटलाई सम्बोधन गर्न केवल सैन्य मात्र नभई मानवीय सहायता, विकास सहयोग र क्षेत्रीय सहकार्यलाई पनि समान रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

महासचिवले माली तथा सम्पूर्ण साहेल क्षेत्रमा नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न र मानवीय आवश्यकताहरू पूरा गर्न तत्काल र प्रभावकारी सहायता उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायलाई पुनः आग्रह गर्नुभएको छ ।

साथै, उहाँले क्षेत्रीय स्तरमा सुरक्षा समन्वयलाई अझ मजबुत बनाउँदै आतंकवाद र हिंसात्मक गतिविधिहरू नियन्त्रण गर्न सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभएको छ ।

यसैबीच, मालीको सङ्क्रमणकालीन सरकारका अनुसार शनिबार सशस्त्र आतङ्कवादी समूहहरूले देशका विभिन्न सहरहरूमा समन्वित आक्रमण गरेका थिए, जसका कारण १६ जना घाइते भएका छन् । सरकारी अधिकारीहरूले सुरक्षा तथा रक्षा बलहरूले ती आक्रमणहरूलाई सफलतापूर्वक नियन्त्रणमा लिएको, केही आक्रमणकारीलाई निष्क्रिय पारेको तथा उनीहरूको योजनालाई असफल बनाएको जानकारी दिएका छन् ।

# पाकिस्तानमा तय इरान-अमेरिका वार्ता अनिश्चित, यात्रा रद्द



रासस/एपी । संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित दोस्रो चरणको वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहेका अमेरिकी प्रतिनिधिमण्डलको यात्रा रद्द गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै लामो यात्रा समय, कार्यभारको चाप तथा इरानी नेतृत्वभित्र देखिएको असमझदारीका कारण उक्त निर्णय गरिएको उल्लेख गर्नुभएको छ ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग वार्तामा सबै आवश्यक शक्ति रहेको बताउँदै यदि इरान पक्षले संवाद गर्न चाहन्छ भने सिधै सम्पर्क गर्न सकिने धारणा व्यक्त गर्नुभएको छ । यसअघि पनि उहाँले आफ्ना ज्वाइँ जेरेड कुश्नर र विशेष दूत स्टीभ विटकोफको पाकिस्तान भ्रमण स्थगित गरिएको जानकारी गराउनुभएको थियो ।

यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले पाकिस्तानको औपचारिक भ्रमण सम्पन्न गरी इस्लामाबाद छोड्नुभएको छ । उहाँले पाकिस्तानको शान्ति प्रयास तथा मध्यस्थ भूमिकाको प्रशंसा गर्दै यसलाई फलदायी भ्रमणका रूपमा वर्णन गर्नुभएको छ भने अमेरिकी पक्षको कूटनीतिक प्रतिबद्धताबारे प्रश्नसमेत उठाउनुभएको छ ।

उता, अमेरिका र इरानबीचको तनावपूर्ण अवस्थाका बीच फारसको खाडी क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ । अमेरिकी नौसेनाले समुद्री मार्ग सुरक्षित गर्न खानी हटाउने कार्य जारी राखेको छ भने होर्मुज जलडमरूमध्यमा व्यापारिक जहाजहरूको आवागमन सहज बनाउन प्रयास भइरहेको जनाइएको छ ।

# नेपाल एसियन 'बीच गेम्स' को सेमिफाइनलमा प्रवेश



काठमाण्डु । छैटौं एसियन 'बीच गेम्स' २०२६ को समूह 'बी' अन्तर्गतको अन्तिम खेलमा नेपालले बङ्गलादेशलाई पराजित गरेको छ ।

चीनको हाइनान्स्थित सन्या सहरमा आज भएको खेलमा नेपाल बङ्गलादेशलाई ३८-३६ ले पराजित गर्दै विजयी भएको हो । यससँगै नेपाल समूह 'बी' को विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको हो । नेपाल समूह 'बी' मा अपराजित रहँदै सेमिफाइनल खेल्न लागेको हो ।

नेपालले पहिलो हाफमा १९-१७ ले अग्रता बनाएको थियो । दोस्रो हाफमा सोही अग्रतालाई कायम राख्दै नेपालले जित दर्ता गरेको हो ।

नेपालले समूह चरणको पहिलो खेल चाइनिज ताइपेइसँग खेल्दै ४८-३२ को जित दर्ता गरेको थियो ।

समूह चरणको दोस्रो खेलमा नेपालले थाइल्याण्डलाई पराजित गरेको थियो । नेपालले थाइल्यान्डलाई ४९-३३ ले पराजित गरेको हो । नेपालले अब सेमिफाइनलमा श्रीलङ्कासँग खेल्नेछ । रासस

# दिल्ली विमानस्थलमा स्विस विमानको इन्जिनमा आगलागी, ६ जना घाइते

रासस/सिन्ह्वा । स्विस अन्तर्राष्ट्रिय विमान सेवाको एउटा विमानले उडान भर्न लाग्दा इन्जिनमा आगलागी भएपछि उडान स्थगित गरिएको छ। उक्त घटनामा कम्तिमा ६ जना यात्रु घाइते भएका छन् ।

यो घटना आइतबार बिहान सबेरै इन्दिरा गान्धी अन्तर्राष्ट्रिय



विमानस्थलमा भएको हो। दिल्लीबाट जुरिख जाँदै गरेको उडान बिहान करिब १:०८ बजे धावनमार्गमा थियो ।

विमानमा कुल २३२ जना (२२४ यात्रु र ४ शिशु सहित) सवार थिए। आगलागी भएपछि सबै यात्रुलाई तुरुन्तै सुरक्षित रूपमा बाहिर निकालिएको थियो। घाइतेहरूलाई स्थानीय निजी अस्पतालमा भर्ना गरिएको छ ।

विमानस्थल प्रशासनका अनुसार घटनापछि पूर्ण आपतकाल घोषणा गरिएको थियो। विमान सेवाका अनुसार चालकले उडान रोक्दै सावधानीका रूपमा यात्रुहरूलाई बाहिर निकाल्ने निर्णय गरेका थिए ।

सम्बन्धित विमान ठूलो आकारको यात्रुवाहक विमान रहेको बताइएको छ। घटना सम्बन्धी थप अनुसन्धान जारी रहेको छ ।

# राष्ट्रपति ट्रम्प सहभागी कार्यक्रममा आक्रमण प्रयास, राष्ट्रपति सुरक्षित



रासस/एपी/एएफपी । अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प सहभागी रहेको 'डिनर कार्यक्रम' मा एक हतियारधारी व्यक्तिले आक्रमण गर्ने प्रयास गर्दा ठूलो सुरक्षा घटना भएको छ ।

प्रारम्भिक जानकारीअनुसार ती व्यक्तिले बन्दुक र चक्कु लिएर कार्यक्रम स्थलको लबी क्षेत्रमा प्रवेश गर्ने प्रयास गरेका थिए, जसपछि सुरक्षाकर्मीहरू तत्काल सक्रिय भएका थिए र उनलाई नियन्त्रणमा लिएका थिए । घटनाका क्रममा गोली चलेको आवाज सुनिएको थियो र केही अतिथिहरू डराएर टेबलमुनि लुकेका थिए । राष्ट्रपति ट्रम्पलाई सुरक्षाकर्मीहरूले तुरुन्तै सुरक्षित स्थानमा लगेका थिए र उहाँ सकुशल रहनुभएको छ ।

सुरक्षा अधिकारीहरूसँग भएको मुठभेडमा आक्रमणकारीले गोली हानेको र सुरक्षाकर्मीहरूले पनि जवाफी कारबाही गरेको बताइएको छ । एक सुरक्षा अधिकारीलाई गोली लागेको भए पनि बुलेटप्रुफ ज्याकेटका कारण गम्भीर क्षति हुनबाट जोगिएको छ । आक्रमणकारीलाई घटनास्थलमै नियन्त्रणमा लिइएको छ र उनी एक्लै योजना बनाएर आएको प्रारम्भिक निष्कर्ष छ ।

अमेरिकी सरकारी वकिलका अनुसार उक्त संदिग्धविरुद्ध हिंसात्मक अपराधका क्रममा हतियार प्रयोग गरेको र सङ्घीय सुरक्षाकर्मीमाथि खतरनाक हतियार प्रयोग गरी आक्रमण गरेको आरोप लगाइनेछ । उनलाई सोमबार राजधानीस्थित सङ्घीय अदालतमा पेश गरिनेछ ।

समाचार स्रोतका अनुसार घटना अचानक भएको भए पनि सुरक्षाकर्मीहरूको तत्काल प्रतिक्रियाका कारण ठूलो दुर्घटना हुनबाट जोगिएको छ । अहिले घटनाबारे विस्तृत अनुसन्धान जारी छ र सुरक्षालाई अझ कडा बनाइएको छ ।

# भोजपुर गोल्डकपको उपाधि आयोजकलाई

टक्सार । नवौं भोजपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि आयोजक भोजपुर फुटबल सङ्घले जितेको हो । सङ्घले उपाधिसहित रु पाँच लाख हात पारेको छ ।



भोजपुरले ललितपुरको सातदोबाटो युथ क्लबलाई २-१ गोलले पराजित गरेको हो । भोजपुरका लागि दोर्जी तामाङले खेलको तीन मिनेटमै पहिलो गोल गरे । यस्तै ४०औं मिनेटमा उसका लागि सन्तोष तामाङले दोस्रो गोल थपे ।

वर्षात्मै खेलाइएको दोस्रो हाफको एक मिनेटमा सातदोबाटो युथ क्लबका राजेश दाहालले एक गोल गर्न सफल भए । उपविजेता सातदोबाटोले रु तीन लाखमा चित्त बुझायो । फाइनल खेलको प्लेयर अफ दी म्याच भोजपुरका गोलकर्ता सन्तोष बने । उनले रु पाँच हजार र मेडल पाए ।

गत वर्षको विजेता सशस्त्र प्रहरीको विभागीय टोली एपिएफलाई २-० गोलले हराउँदै आयोजक भोजपुर फुटबल सङ्घ फाइनलमा प्रवेश गरेको थियो भने काठमाडौंको प्लानिङ ब्वाइज युनाइटेडलाई २-१ गोलले पराजित गर्दै सातदोबाटोले फाइनलको यात्रा तय गरेको थियो ।

आठ टोली सहभागी भोजपुर नगरपालिका-७ कोदारमा रहेको रङ्गशालामा भएको प्रतियोगितामा उत्कृष्ट गोलरक्षक भोजपुरका समिर क्षेत्री, उत्कृष्ट प्रशिक्षक भोजपुरका बिनम श्रेष्ठ तथा सर्वोत्कृष्ट खेलाडी भोजपुरकै विवेक राई भए । उनीहरूले जनही रु सात हजार पाँच सय रुपैयाँ र मेडल प्राप्त गरे । विजेता तथा उपविजेतासहितलाई भोजपुर नगरपालिका प्रमुख कैलाशकुमार आलेले पुरस्कार प्रदान गरे । भोजपुर जिल्ला फुटबल सङ्घको आयोजना तथा भोजपुर नगरपालिकाको रु ३० लाख सहयोगमा यही वैशाख ६ गतेदेखि प्रतियोगिता सुरु भएको थियो । रासस

# मध्यपूर्व द्वन्द्वका कारण ऊर्जा सङ्कट गहिरिँदै, अमेरिकी अर्थतन्त्र प्रभावित

रासस/एएफपी । अमेरिकी केन्द्रीय बैङ्क फेडरल 'रिजर्भ' ले आगामी बैठकमा ब्याजदर यथावत राख्ने सम्भावना उच्च देखिएको छ, जसलाई विश्लेषकहरूले हालको आर्थिक र भूराजनीतिक अवस्थासँग जोडेर हेरेका छन् ।



अहिले ब्याजदर ३.५० प्रतिशत देखि ३.७५ प्रतिशत को दायरामा छ र यसलाई परिवर्तन नगरी कायम राख्ने अपेक्षा गरिएको छ । यसको मुख्य कारण मध्यपूर्वमा जारी युद्ध हो, जसले विश्वव्यापी तेल आपूर्तिमा असर पारेको छ । विशेषगरी इन्धन र ऊर्जा मूल्य बढ्दा अमेरिकामा उत्पादन लागत, यातायात खर्च र दैनिक उपभोग्य वस्तुको मूल्यसमेत वृद्धि भएको छ, जसले मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ ।

हाल अमेरिकामा मुद्रास्फीति ३.३ प्रतिशत पुगेको छ, जुन पछिल्ला करिब दुई वर्षको उच्च स्तर मानिन्छ । फेडरल रिजर्भको मुख्य उद्देश्य मूल्य स्थिरता कायम राख्नु र रोजगारी बजारलाई सन्तुलनमा राख्नु हो । तर अहिलेको अवस्थामा यी दुई लक्ष्यबीच सन्तुलन मिलाउन कठिन भइरहेको छ, किनकि एकातिर महँगी नियन्त्रण गर्न कडा मौद्रिक नीति आवश्यक छ भने अर्कोतर्फ आर्थिक वृद्धि र रोजगारीलाई असर नपर्ने गरी नीति बनाउनुपर्ने दबाब छ ।

विशेषज्ञहरूका अनुसार ऊर्जा सङ्कटले मात्र होइन, आपूर्ति शृङ्खलामा आएको अवरोधले पनि महँगीलाई निरन्तर उच्च राख्न मद्दत गरिरहेको छ । यसले उपभोक्ता खर्च घटाउने सम्भावना बढाएको छ र व्यवसायहरूमा लागत दबाब थपेको छ । यही कारणले फेडले तत्काल ब्याजदर घटाउने सम्भावना कम देखिएको हो ।

फेडका अधिकारीहरू पनि अहिलेको अवस्थामा 'पर्ख र हेर' रणनीति अपनाइरहेका छन्, किनकि युद्धको प्रभाव अझै पूर्ण रूपमा स्पष्ट भएको छैन । केही नीति निर्माताहरूले दीर्घकालीन महँगी जोखिम बढ्ने चेतावनी दिएका छन्, जसले भविष्यमा ब्याजदर कटौतीको सम्भावनालाई पनि कमजोर बनाएको छ ।

साथै, फेडको निर्णय राजनीतिक दबाबबीच पनि आउँदैछ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्याजदर घटाउन निरन्तर दबाब दिइरहेका छन् भने फेडको स्वतन्त्रता र नेतृत्व परिवर्तनबारे समेत बहस भइरहेको छ । यी सबै कारणले आगामी बैठक केवल आर्थिक निर्णय मात्र नभई राजनीतिक दृष्टिले पनि महत्वपूर्ण बन्न पुगेको छ ।

ऊर्जा सङ्कट, उच्च मुद्रास्फीति, रोजगारी बजारको अनिश्चितता र राजनीतिक दबाबका कारण फेडरल रिजर्भले तत्काल ब्याजदर परिवर्तन नगरी स्थिर राख्ने सम्भावना सबैभन्दा बलियो देखिएको छ, जबकि भविष्यको दिशा भने अझै अनिश्चित रहेको छ ।

## कोलम्बियामा बम आक्रमण : ७ जनाको मृत्यु, २० भन्दा बढी घाइते

रासस/सिन्ह्वा । कोलम्बियाको काउका विभागस्थित काजिबियो नगरपालिकामा शनिबार भएको बम आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको छ भने बीसभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

रिपोर्टका अनुसार काली र पोपायान जोड्ने पान-अमेरिकी राजमार्गको एल टुनेल क्षेत्रमा गुडिरहेको बसमा बम प्रहार गरिएको थियो, जसले बसको छाना र झ्यालहरूमा गम्भीर क्षति पुर्‍याएको छ साथै राजमार्गमा पनि नोक्सानी भएको देखिन्छ ।

प्रत्यक्षदर्शी चालकहरूका अनुसार हतियारधारी व्यक्तिहरूले एक ट्रक र बस अपहरण गरी सडक अवरुद्ध बनाएका थिए र ती सवारीसाधनहरूमा एक विद्रोही समूहसँग सम्बन्धित नाराहरू लेखिएका थिए ।

काउका विभागका गभर्नर अक्टाभियो गुज्मानले यसलाई नागरिकमाथिको अन्धाधुन्ध आक्रमण भन्दै कडा निन्दा गरेका छन् र सुरक्षा निकायहरू घटनास्थलमा खटिएको जानकारी दिँदै प्रभावित क्षेत्रमा जनताको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय सरकारलाई ठोस कदम चाल्न आग्रह गरेका छन् ।

# मच्छिन्द्रलाई इलाम गोल्डकपको उपाधि




मङ्गलबारे । डिफेन्डिङ च्याम्पियन एनआरटीलाई पराजित गर्दै मच्छिन्द्र फुटबल क्लब काठमाडौंले इलाम गोल्डकपको तेस्रो संस्करणको उपाधि जितेको छ । आइतबार सम्पन्न फाइनल खेलमा एनआरटीलाई २-० गोलअन्तरले हराउँदै मच्छिन्द्रले उपाधि हात पारेको हो । योसँगै एनआरटीको उपाधि ह्याट्रिक गर्ने लक्ष्यमा ब्रेक लागेको छ ।

राष्ट्रिय तथा विभिन्न उमेर समूहका खेलाडी सम्मिलित दुवै टोलीबीचको खेलमा पहिलो हाफ गोलरहित बराबरीमा सकियो । दुवै टोलीले पाएका अवसरलाई सदुपयोग गर्न नसक्दा पहिलो हाफमा गोल हुन सकेन । तर, दोस्रो हाफ सुरु भएसँगै मच्छिन्द्रले खेलमा पकड जमायो । दोस्रो हाफको दोस्रो मिनेटमै सौरभ सुब्बाले गोल गर्दै टिमलाई अग्रता दिलाए । त्यसको तीन मिनेटपछि मिलन चाम्लिङले अर्को गोल थप्दै मच्छिन्द्रलाई २-० गोलको सुरक्षित अग्रता दिलाए, जुन अन्त्यसम्म कायम रह्यो ।

उपाधिसँगै मच्छिन्द्रले रु १० लाखसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । उपविजेता एनआरटीले रु पाँच लाखमा चित्त बुझायो । फाइनल खेलको म्यान अफ दी म्याच मच्छिन्द्रका प्रदीप बुढाथोकी घोषित भए । उनले रु आठ हजार १०० प्राप्त गरे ।

उत्कृष्ट गोलरक्षक मच्छिन्द्रका प्रदीप भण्डारी, उत्कृष्ट डिफेन्डर एनआरटीका आशिष गुरुङ, उत्कृष्ट मिडफिल्डर मच्छिन्द्रका युवराज ढकाल, सर्वाधिक गोलकर्ता मच्छिन्द्रका मिलन चाम्लिङ र उत्कृष्ट प्रशिक्षक मच्छिन्द्रका प्रवेश कटुवाल घोषित भए । उनीहरूले जनही रु १५ हजारसहित ट्रफी प्राप्त गरे ।

उदीयमान खेलाडी रेडहर्षका विवेक सुनाम घोषित भए । उनले रु २५ हजारसहित ट्रफी पाए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मच्छिन्द्रका सनिस श्रेष्ठ घोषित भए । उनले रु ५१ हजारसहित ट्रफी प्राप्त गरे । रेडहर्ष फुटबल क्लबको आयोजनामा यही वैशाख ५ गतेदेखि सुरु भएको प्रतियोगितामा आठ टोलीको सहभागिता थियो । रासस

# फलामखानीको भण्डारको थप अनुसन्धान गरिँदै



काठमाण्डु । खानी तथा भूगर्भ विभागले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हुप्सेकोट गाउँपालिका-५ स्थित धौवादीमा करिब दश करोड मेट्रिकटन फलामको कच्चा पदार्थ (धाउ) रहेको प्रक्षेपण गरेको छ ।

विभागका विज्ञले विभिन्न चरणमा गरेको अध्ययन तथा अनुसन्धानबाट स्थानीय नाम्जाकोटदेखि धौबादी क्षेत्रसम्म फैलिएको करिब १० किलोमिटर भूभागमा फलामको 'विलेड' पाइएको हो ।

फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले ' धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिएको छ । कम्पनीले फलाम भण्डारको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

करिब ४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको उक्त फलाम खानीबाट ६० वर्षसम्म दैनिक एक हजार ५०० टन फलाम उत्पादन गर्ने क्षमता रहेको कम्पनीका निर्देशक शैलेशकुमार थापाले जानकारी दिनुभयो । उक्त परियोजनाबाट वार्षिक पाँच लाख टन फलामजन्य वस्तु उत्पादन गर्न सकिने भन्दै उहाँले त्यसले देशको मागको करिब २५ प्रतिशत आयात प्रतिस्थापन गर्ने बताउनुभयो ।

हाल खानी सञ्चालनपछि वातावरणमा पर्ने असरबारे पर्यावरणीय प्रभाव मूल्याङ्कन भइरहेको निर्देशक थापाले बताउनुभयो । विस्तृत परियोजना रिपोर्टको काम छिट्टै सुरु हुने पनि उहाँले जानकारी दिनुभयो । हाल खानीसम्म पुग्नका लागि पूर्वाधार तथा सडकको स्तरोन्नति भइरहेको छ । खानी सञ्चालनले स्टिल उद्योग विकास तथा ठूलो सङ्ख्यामा रोजगारी सिर्जना हुने र फलामको आयात अपेक्षा गरिएको छ ।

कार्यालयका अर्का निर्देशक दिलिपकुमार झाले खानी सञ्चालन भएका स्वदेशी पुँजी स्वदेशमै परिचालन भएर राष्ट्रको समृद्धि हासिल गर्न सघाउ पुग्ने बताउनुभयो । रासस

# सम्झौता गरेर काम नगर्ने निर्माण व्यवसायीलाई ताकेता




खोटाङ । भौतिक पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरिएका १९ योजनाको काम सुरु गर्न निर्माण व्यवसायीले अटेर गरेका पाइएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजन भई ठेक्का सम्झौता गरिएका १९ योजनाका निर्माण कम्पनीले काम सुरु नगरेको पाइएको हो ।

ठेक्का सम्झौता गरेर विभिन्न बहानामा काम सुरु नगरेपछि कार्यालयको तर्फबाट निर्माण व्यवसायीलाई ताकेता गरिएको कार्यालय प्रमुख विमन दाहालले बताउनुभयो । "हाम्रो कार्यालयबाट चालु आवमा कुल १२३ योजनाको ठेक्का सम्झौता भएको छ । पटकपटक खबरदारी गर्दा पनि निर्माण सुरु नगरेपछि १९ कम्पनीका नाममा अन्तिम सूचना प्रकाशन गरिएको छ", उहाँले भन्नुभयो, "तोकिएको समयमा काम सम्पन्न नगरे नियमअनुसार सम्झौता रकमको आधारमा प्रतिदिन ०.०५ प्रतिशतका दरले जरिवाना तिराउन मिल्ने कानुनी व्यवस्था छ । त्यस अवधिमा पनि काम नभए कार्यसम्पादन जमानत जफत गर्ने, थप लागत र अन्य दायित्व असुलउपर गर्ने तथा कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरिन्छ ।"

पूर्वाधार विकास कार्यालयले यसअघि २६ योजनाको काम सुरु नभएको सूचना प्रकाशन गरेको थियो । कार्यालयले पत्राचार गरेपछि सात योजनाका निर्माण व्यवसायीले काम सुरु कार्यालय प्रमुख दाहालले जानकारी दिनुभयो । तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माणकार्य सम्पन्न गर्न कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा काम गर्न निर्माण कम्पनीलाई कार्यालयले निर्देशन दिएको छ । कोशी प्रदेश सरकारबाट एकवर्षे र बहुवर्षे योजनाका लागि यस आवमा रु एक अर्ब ९४ लाख ७५ हजार बजेट उपलब्ध भएको छ ।

प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठ योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालयले जनाएको छ । काम सुरु नभएका योजनामा कार्यालयबाट व्यवस्थापन हुनुपर्ने बजेट, अग्रिम पेस्की, निर्माणस्थलको स्वामित्व हस्तान्तरण र प्राविधिक सहयोगमा कुनै समस्या नरहेको लेखा प्रमुख सीताराम राउतले जानकारी दिनुभयो ।

दश स्थानीय तह रहेको जिल्लाका लागि १७ योजनामा कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारलाई सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत रु दुई करोड लागतमा ६० घर निर्माण भइरहेको बताइएको छ । रासस

# सुनचाँदीको बढ्यो




काठमाण्डु । स्थानीय बजारमा आज सुनचाँदीको मूल्य बढेको छ । सुन प्रतितोला रु दुई हजार ७०० र चाँदी रु ५० ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९९ हजार २०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ९९५ कायम भएको छ । गत शुक्रबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९६ हजार ५०० र त्यति नै परिमाणको चाँदी रु चार हजार ९४५ मा कारोबार भएको थियो ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार आइतबार अन्तर्राष्ट्रिय बजारमा एक औँसत सुन चार हजार ७२४ र त्यति नै परिमाणको चाँदी ७५ अमेरिकी डलरमा कारोबार भइरहेको छ । रासस

# पर्यटकीय क्षेत्र फालोटमा विद्युत् र इन्टरनेटको समस्या



पाँचथर । बर्सेनि पाँच हजारभन्दा बढी पर्यटक पुग्ने पाँचथरको पर्यटकीय क्षेत्र फालोटको मुख्य समस्या सडक, विद्युत् र इन्टरनेट हो । तीन हजार ४०० मिटर उचाइमा अवस्थित फालोटका चारराते-तीनसिमानालगायत क्षेत्रसम्म पुग्ने सडक व्यवस्थित हुनसकेको छैन भने विद्युत् र इन्टरनेटको प्रवाह सहज हुनसकेको छैन ।

नेपाल-भारत सीमावर्ती फालोट क्षेत्र उच्च पहाड भएका कारण यहाँ पुग्ने पर्यटकका लागि पर्याप्त सामग्री पुर्‍याउन गोठ सञ्चालक सक्षम छैनन् । यहाँका ३१ मध्ये करिब एक दर्जन गोठमा गोठबास (गोठस्टे) सञ्चालन गरी पर्यटकलाई सेवा दिने गरिएको छ । तर पूर्वाधार अभावका कारण पर्यटकलाई अपेक्षित सेवा दिन नसकिएको फालोट याक गोठस्टेका सञ्चालक चन्द्रलाल नेपालले बताउनुभयो ।

"अहिले यहाँ सडक, विद्युत् र इन्टरनेटको समस्या मुख्य छ", नेपालले भन्नुभयो, "वर्षा भएपछि सवारीसाधनलाई यहाँ पुर्‍याउन कठिन पर्छ ।" फिदिम-फालोट सडकको प्राङबुङबाट चारराते तथा मेमेङबाट तीनसिमानासम्म सडक विस्तार भएको छ । मोटरबाटो स्तरोन्नतिको काम बर्सेनि हुँदै आए पनि वर्षा भएपछि सवारी सञ्चालनमा कठिनाइ हुने गरेको छ ।

"बाटो सहज भइदिने यहाँ आइपुग्ने पर्यटकको सङ्ख्या बढ्थ्यो । नागरिकले चाहेर पनि आउन सकेका छैनन्", नेपालले भन्नुभयो, "उच्च पहाड भएका कारण यहाँ सामग्री व्यवस्थापन गर्न असाध्यै कठिन पर्छ । सवारीसाधनमा सामग्री हालेर ल्याउनै कठिन छ ।" सरकारलेफालेलुङगाउँपालिका-५ प्राङबुङदेखि चाररातेसम्मको सडकलाई बाह्रैमास सञ्चालनयोग्य बनाउनुपर्ने यहाँका बासिन्दाको माग छ ।

चौँरीपालक किसानको संस्था कञ्चनजङ्घा याक चौँरीपालक समूहका अध्यक्ष रामचन्द्र गुरुङका अनुसार दैनिक उपभोग्य सामग्री पुर्‍याउनै कठिन हुन्छ । "भारततर्फ बाटो राम्रो भए पनि सवारीसाधन सञ्चालनमा रोक लगाउने गरिन्छ । भारतीय पक्षले नेपाली सवारीसाधन नचलुन् भन्ने चाहन्छ", गुरुङले भन्नुभयो, "प्रतिबन्ध नै त छैन, तर उतातिर नचलुन् भन्ने चाहना रहेको बुझिन्छ । जसकारण नेपालतर्फबाट सामग्री ढुवानी र निकासी गर्न धेरै समस्या पर्छ ।" यस्तै उच्च पहाडमा भएका कारण विद्युत् आपूर्ति पटकपटक अवरुद्ध हुने हुँदा गोठ सञ्चालकले समस्या भोग्ने गरेका छन् । यहाँ नेपाल टेलिकमको नेटवर्कले पछिल्लो समय काम गर्न थाले पनि इन्टरनेट सेवामा भने समस्या छ । विसं २०७४ देखि नयाँ वर्षमा यहाँ महोत्सव आयोजना गर्न थालिएपछि पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ भने चौँरीजन्य सामग्रीले राम्रो बजार पनि पाउने गरेका छन् । नवौँ चौँरी पर्यटन महोत्सवसम्म आइपुग्दा चौँरीमा आधारित सामग्री बिक्री बढेको छ । महोत्सवकै कारण अहिले देशका विभिन्न भाग तथा भारत, भुटान, बङ्गलादेशलगायतबाट पर्यटक आउन थालेका छन् ।

फालेलुङ गाउँपालिकाका उपाध्यक्ष महेन्द्रहाङ जबेगू पूर्वाधार र प्रचारप्रसारमा प्रदेश र सङ्घीय सरकारले सहयोग गरे पर्यटकको सङ्ख्या झनै बढ्ने बताउनुहुन्छ । उहाँका अनुसार सडकको स्तरोन्नति, पर्यटन सूचना केन्द्र, गोठबासलाई थप व्यवस्थित गर्न, शौचालय निर्माणलगायतमा लगानी गर्नुपर्ने आवश्यकता रहेछ । नेपाल-भारत सीमावर्ती यस स्थानमा वर्षायामका केही महिनाबाहेक सधैँ पर्यटक पुग्ने गर्दछन् ।

औसतमा एक वर्षमा पाँच हजारभन्दा बढी पर्यटक यहाँ पुग्ने गरेका गोठ सञ्चालकको भनाइ छ । सयौँ चौँरीको बथान हेर्ने, यहाँबाट नेपाल, भारत र भुटानका हिमशृङ्खलाको दृश्यावलोकन गर्ने, ढकमक्क फुलेको गुराँस र चिमलको रङमा हराउनमै धेरै पर्यटक व्यस्त हुन्छन् । हिमाली संस्कृतिको जीवन्त प्रस्तुतिसँग साक्षात्कार गर्न पाउँदा सबैले यस नेपाल-भारत सीमावर्ती उच्च पहाडले आकर्षित गर्ने गरेको छ । रासस

# चालिस युवालाई 'कम्प्युटर टेक्निसियन' र छपाइ 'मेसिन अपरेटर' तालिम

टीकापुर । यहाँका ४० युवालाई 'कम्प्युटर टेक्निसियन' र 'अफसेट छपाइ मेसिन अपरेटर' तालिम दिन थालिएको छ । युवालाई रोजगारीसँग जोड्ने उद्देश्यले २० र 'अफसेट प्रेस'तर्फ २० जनालाई तालिम दिन थालिएको टीकापुर नगरपालिका रोजगार सेवा केन्द्रले जनाएको छ ।



बेरोजगार युवालाई स्वरोजगार बनाउने र सम्भावना भएका क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न शनिबारदेखि तीन सय ९० घण्टाको तालिम आयोजना गरिएको प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले जानकारी दिनुभयो ।

प्राविधिक सीप भएको मानिस रोजगारीमा जोडिन सहज हुने भएकाले यस्तो तालिम दिन थालिएको उहाँले बताउनुभयो । "हाल धेरैजसो युवा विदेश गइरहेका छन्, तर प्राविधिक सीप सिकेर स्वदेशमै रोजगारी गर्न सकिन्छ । त्यसका लागि कम्प्युटर र छपाइसम्बन्धी तालिम उपयुक्त हुन्छ भन्ने सुझावका आधारमा योजना बनाएका हौँ", प्रमुख प्रशासकीय अधिकृत धितालले भन्नुभयो,"अब हरेक काममा कम्प्युटर हरेक अपरिहार्य भइसकेको छ । छपाइको काम पनि त्यत्तिकै महत्त्वपूर्ण छ, तर यहाँ कम्प्युटर मर्मत र छपाइको काम गर्न स्थानीय जनशक्ति नभएकाले भारतीय नागरिकले धेरै अवसर पाइरहेका छन् । त्यसैले पनि यो तालिम आयोजना गरिएको हो ।"

नगरपालिका आर्थिक विकास समितिका संयोजक तथा वडा नं ७ का अध्यक्ष यज्ञप्रसाद न्यौपानेले सीप सिकेर स्वदेशमै रोजगारी गर्न उत्प्रेरित गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो । "बाह्र कक्षापछि रोजगारीका लागि विदेश जाने प्रचलन छ । हाम्रो उद्देश्य युवाले स्वदेशमै राम्रो कमाइ गरुन् भन्ने हो । त्यसैले सीपयुक्त मानिस उत्पादन गर्न आवश्यक छ", उहाँले भन्नुभयो ।

आर्थिक विकास शाखा प्रमुख रन्जु आचार्यले रोजगारीका अवसर भएका ठाउँमा दक्ष जनशक्ति अभाव भएकाले पालिकाले दक्ष जनशक्ति उत्पादनका लागि तालिम आयोजना गरेको बताउनुभयो । रासस

# नवप्रवर्तन र सिर्जनशीलताको संरक्षणमा जोड दिँदै विश्व बौद्धिक सम्पदा दिवस मनाइयो



काठमाण्डु । आइतबार विश्व बौद्धिक सम्पदा दिवस हो । विश्वका विभिन्न देशमा यो दिवस नवप्रवर्तन र सिर्जनशीलताको संरक्षणमा जोड दिँदै मनाइएको छ ।

प्रत्येक वर्ष अप्रिल २६ मा मनाइने यो दिवसको उद्देश्य नवप्रवर्तन, सिर्जनशीलता र बौद्धिक सम्पदाको संरक्षणप्रति चेतना अभिवृद्धि गर्नु हो ।

विश्व बौद्धिक सम्पदा सङ्गठनको पहलमा सन् २००० देखि यो दिवस मनाउन थालिएको हो । संयुक्त राष्ट्रसङ्घको विशिष्टिकृत निकायका रूपमा रहेको यो संस्थाले विश्वव्यापी बौद्धिक सम्पदा सेवा, नीतिनिर्माण, सूचना आदान-प्रदान तथा अन्तरराष्ट्रिय सहकार्यलाई समन्वय गर्दै आएको छ ।

उक्त संस्थाले सरकार, व्यवसाय तथा स्रष्टाहरूलाई सीमापार रूपमा बौद्धिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्न सहयोग पुऱ्याउँदै विश्वभर नवप्रवर्तन र सिर्जनशीलता प्रवर्द्धनमा जोड दिँदै आएको छ ।

सङ्गठनका अनुसार बौद्धिक सम्पदामा 'कपीराइट, पेटेन्ट, ट्रेडमार्क' र औद्योगिक 'डिजाइन'लगायतका अधिकार समावेश छन्, जसले स्रष्टा, आविष्कारक तथा उद्यमीलाई आफ्नो सिर्जनाको संरक्षण र उपयोगको अधिकार प्रदान गरेको छ ।

यो दिवसले विशेषगरी नवप्रवर्तन, प्रविधि र सिर्जनशील क्षेत्रमार्फत आर्थिक तथा सामाजिक विकासमा बौद्धिक सम्पदाको भूमिकालाई उजागर गरेको छ । यसबाट कला, सङ्गीत, साहित्य, प्रविधि तथा उद्योग क्षेत्रका स्रष्टा र नवप्रवर्तकहरूले बौद्धिक सम्पदामार्फत आफ्नो पहिचान स्थापित गर्नुका साथै आर्थिक लाभ लिन सक्ने अवस्था सृजना भएको छ ।

विशेषज्ञहरूका अनुसार ' डिजिटल' युगसँगै बौद्धिक सम्पदाको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ । अनधिकृत प्रयोग, नक्कली उत्पादन र डिजिटल चोरीजस्ता समस्यालाई नियन्त्रण गर्न प्रभावकारी कानुनी व्यवस्था र जनचेतना आवश्यक रहेको उनीहरूको भनाइ छ ।

हाम्रो देशमा पनि बौद्धिक सम्पदासम्बन्धी कानुनी तथा नीतिगत सुधारको आवश्यकता औँल्याउँदै सरोकारभएकाहरूले स्रष्टा तथा नवप्रवर्तकलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । रासस

# पर्यटकको पर्खाइमा थोरङ फेदी




मुस्ताङ । समुद्री सतहदेखि पाँच हजार ४१६ मिटरको उचाइको (मनाङ-मुस्ताङ) थोरङलापास पदमार्ग कठिन छ । यही पर्यटकीय पदमार्ग पछ्याउँदै विदेशी पर्यटक लमजुङको बेँसीसहरबाट पदयात्रा सुरु गरेर मनाङ हुँदै थोरङलापास छिचोल्दै मुस्ताङ प्रवेश गर्ने गर्छन् । मुस्ताङ भित्रिएका अधिकांश विदेशी पर्यटक मनाङबाट थोरङलापास पदमार्ग हुँदै मुस्ताङ आइपुग्छन् ।

गण्डकी प्रदेशको कास्की, लमजुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लालाई राउन्ड अन्नपूर्ण चक्रीय पदमार्ग भनिन्छ । हप्तौँहप्ता लाग्ने यही पदमार्ग अहिले सडक सञ्जालका कारण छोट्टिँदै जान थालेको छ । सडक कनेक्टिभिटीले राउन्ड अन्नपूर्ण सर्किटका धेरै ठाउँको पदयात्रा खुम्चिँदै गरे पनि (मनाङ-मुस्ताङ) थोरङलापास पदमार्ग जीवन्त छ । थोरङपास पदमार्ग साहसिक पदयात्रा गर्ने पर्यटकका लागि उपयुक्त पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको छ ।

बर्सेनि ६ महिना निकै चहलपहल हुने थोरङलापास पदमार्ग ६ महिना अवधि भने सुनसान हुन्छ । वर्षको याम चल्ने थोरङलापास पदमार्गमा फेब्रअरीदेखि अप्रिलसम्म र सेप्टेम्बरदेखि अक्टुबरसम्म विदेशी पर्यटकको पदयात्रा चलायमान हुने गर्छ । साहसिक पदयात्राका लागि महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बनेको थोरङलपास पदमार्ग रोमाञ्चक, चुनौतीपूर्ण र कष्टकर पदयात्राका रूपमा लिने गरिएको छ ।

बर्सेनि हिउँदयामको पूर्वसन्ध्या तीन महिना र बर्खायामको पूर्वसन्ध्या तीन महिनामात्रै थोरङलापासमा विदेशी पर्यटकले पदयात्रा गर्ने गर्छन् । यही पदयात्राको सिजनलाई पछ्याउँदै मनाङ-मुस्ताङ थोरङ फेदीमा पछिल्लो समय आठवटा पर्यटक लक्षित होटल तथा रेष्टुरेन्ट सञ्चालनमा छन् । सिजनका बेला होटल चलाउने र अफसिजनको बेला होटल बन्द गरी त्यहाँका पर्यटन व्यवसायी आफ्नो गन्तव्यतर्फ लाग्छन् ।

टङ्की मनाङबाट थोरङ फेदीमा तीन वर्षदेखि होटल चलाउँदै आउनुभएकी नामगाम गुरुङले थोरङफेदीको अल्पकालीन व्यापार सन्तोषजनक रूपमा चलेको बताउनुभयो । बर्खायाममा गाउँ फर्किने र हिउँदयाममा काठमाडौँ झर्ने गर्नुभएकी व्यवसायी गुरुङले सिजनको समय थोरङफेदीमा बसेर व्यापार गर्ने गरेको बताउनुभयो ।

थोरङ फेदीमा होटल चलाएर बसेका डोल्पाका अर्का पर्यटन व्यवसायी छेवाङ गुरुङले थोरङलापास पदयात्राको सिजनमा व्यापार गरी बस्ने र अन्य समयमा गाउँमै गएर खेतीपातीको काम गर्ने गरेको बताउनुभयो । समुद्री सतहको चार हजार २०० मिटरको उचाइमा अवस्थित थोरङफेदीको प्रतिकूल मौसमलाई सहँदै व्यापार व्यवसाय चलाएर बसेको गुरुङको भनाइ छ । "घर अर्काको हो, हामीले यहाँ भाडा तिरेर होटल चलाएका हौँ, सिजन चलेका बेला कहिले राम्रै व्यापार हुन्छ, कहिले हुँदै हुँदैन", भन्नुभयो ।

केही वर्षअघि मनाङ-मुस्ताङ पदमार्ग थोरङलापासको थोरङ फेदीसम्म सडकको पहुँच पुगेको थिएन । पछिल्लो समय वारागुङ मुक्तिक्षेत्र-२ छेङ्गुर हुँदै थोरङ फेदीसम्म कच्ची सडक विस्तार भइसकेको छ । सडकको पहुँच पुगेकाले खाद्यान्न तथा होटल रेष्टुरेन्टलाई चाहिने मालसामान ढुवानी गर्न सहज भएको छ । दुई ठूला विशाल अग्ला पहाडको खोंचमा अवस्थित थोरङ फेदीमा पर्यटक पर्खिएर बसेका व्यवसायी अफसिजन हुँदा होटल बन्द गरी त्यहाँबाट अन्यत्र जाने चलन छ ।

थोरङपासमा एउटा कफीसप सञ्चालनमा छ भने त्यहाँबाट चार घण्टा पैदल हिँडेपछि थोरङफेदीमा आठ दशवटा होटल छन् । थोरङफेदीमा सबै होटल बन्द हुने भए पनि एउटा होटल भने बाह्रै महिना सञ्चालनमा रहन्छ । मनाङ-मुस्ताङ थोरङपास गर्दै मुस्ताङ प्रवेश गर्नुभएका सोलुखुम्बकी १९ वर्षीया पर्यटक पथप्रदर्शक बिबिसा रावतले १० दिनको पदयात्रा गर्दै थोरङफेदी आइपुगेको बताउनुभयो ।रासस

# स्थानीय तहमा प्रदेशले अधिकृत खटाउने




**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश सरकारले खटाउने प्रावधान सहितको विधेयक संघीय सरकारले ल्याउन लागेको छ ।

संघीय निजामती सेवाको गठन र सञ्चालनका सम्बन्धमा ४८ वटा नयाँ प्रावधानहरू समेटिएको विधेयकको मस्यौदामा यस्तो प्रावधान राख्न लागिएको हो । विधेयकको मस्यौदा अनुसार केन्द्रले अब प्रमुख प्रशासकीय अधिकृतहरूलाई सिधै स्थानीय तहमा नखटाई प्रदेशगत रूपमा एकमुस्ट रूपमा मुख्यमन्त्री कार्यालयमा पठाउनेछ ।

त्यसपछि सम्बन्धित प्रदेशको मुख्यमन्त्री कार्यालयले नै स्थानीय तहहरूमा उनीहरूको पदस्थापन गर्नेछ । यो व्यवस्थाले संघीयताको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने र स्थानीय तहमा कर्मचारी व्यवस्थापनलाई सहज तुल्याउने विश्वास लिइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलद्वारा तयार पारिएको उक्त मस्यौदामा निजामती कर्मचारीहरूको अवकाशको उमेरहद हालको ५८ वर्षबाट बढाएर ६० वर्ष पुऱ्याउने प्रस्ताव गरिएको छ । प्रशासनिक क्षेत्रलाई अनुभवी जनशक्तिबाट लाभान्वित गराउने र कार्यक्षमता वृद्धि गर्ने लक्ष्यका साथ यो परिवर्तन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

प्रस्तावित विधेयकले निजामती कर्मचारीको सेवा निवृत्तपछिको राजनीतिक तथा संवैधानिक नियुक्तिका सम्बन्धमा कडा व्यवस्था गरेको छ। मस्यौदाको ४० औँ बुँदा अनुसार, राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) र विशिष्ट श्रेणी (सचिव) का कर्मचारीहरू सेवा निवृत्त भएको दुई वर्षसम्म कुनै पनि राजनीतिक वा संवैधानिक पदमा नियुक्त हुन पाउने छैनन् । यस 'कुलिङ पिरियड' ले प्रशासनिक तटस्थता कायम राख्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।

यस्तै, बहालवाला कर्मचारीले कुनै पनि राजनीतिक दल वा भ्रातृ संगठनको सदस्यता लिएमा वा राजनीतिक गतिविधिमा संलग्न भएमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने व्यवस्था मस्यौदाको ४८ औँ बुँदामा उल्लेख छ ।

विधायन ऐन, २०८१ को प्रक्रिया अनुसार सार्वजनिक गरिएको यस मस्यौदा उपर सरोकारवाला र आम नागरिकले सात दिनभित्र आफ्नो राय सुझाव उपलब्ध गराउन मन्त्री रावलले अनुरोध गरेकी छन् । प्राप्त सुझावहरूलाई समेटेर विधेयकलाई अन्तिम रूप दिई संसद्मा पेस गरिने तयारी छ ।

# मूल्यवृद्धिले अधिकांश निर्माण कार्य ठप्प

**सरकारले ठेक्का म्याद थप सहित मूल्य समायोजन वा ठेक्का पुनरावलोकन नगरे औपचारिक रुपमा कामकाज ठप्प गरी संकटमा पर्ने चेतावनी दिए । "मूल्यवृद्धि र सामग्री अभावका कारण निर्माण उद्योग धराशायी हुने जोखिम बढेको छ," महासंघका अध्यक्ष सुरेन्द्र चौधरी "मुन्ना" भने ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । इन्धनजन्य तथा निर्माण सामग्रीको निरन्तर मूल्यवृद्धिले निर्माण क्षेत्र गम्भीर संकटमा परेको छ । मधेश प्रदेशका प्रत्येक जिल्लाका अधिकांश निर्माण व्यवसायीहरुले कामकामज ठप्प पारेका छन् ।

निर्माण व्यवसायी महासंघ मधेश प्रदेशले आइतबार एक पत्रकार सम्मेलन आयोजना गरी मूल्यवृद्धिका कारण पूर्वाधार निर्माण कार्य नै ठप्प हुने अवस्था सिर्जना भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

डिजेल, पेट्रोल, मट्टितेल लगायतका इन्धनको मूल्य निर्माण क्षेत्रमा प्रयोग हुने कंक्रिट सामाग्री बालुवा, गिट्टी, सिमेन्ट, फलाम, छड र माटो समेत अत्यधिक मूल्यवृद्धि काम गर्न समस्या भएको भन्दै अधिकांश निर्माण व्यवसायीले करीब दुई सातादेखि अनौपचारिक रुपमा कामकाज ठप्प नै पारेका छन् ।



सरकारले ठेक्का म्याद थप सहित मूल्य समायोजन वा ठेक्का पुनरावलोकन नगरे औपचारिक रुपमा कामकाज ठप्प गरी संकटमा पर्ने चेतावनी दिए । 'मूल्यवृद्धि र सामग्री अभावका कारण निर्माण उद्योग धराशायी हुने जोखिम बढेको छ,' महासंघका अध्यक्ष सुरेन्द्र चौधरी 'मुन्ना' भने ।

अध्यक्ष चौधरीले मूल्य समायोजन, ठेक्का पुनरावलोकन र म्याद थप सहितको माग सहित सोमवार मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई ज्ञापन पत्र बुझाउने छौं । हामीहरुको माग सम्बोधन नभए औपचारिक रुपमै कामकाज ठप्प पार्ने चेतावनी दिए ।

निर्माण व्यवसायी संघ धनुषाका अध्यक्ष अशोक चौधरीले भने डिजेल, पेट्रोल लगायतका इन्धनको मूल्यवृद्धिले हरेक पूर्वाधार निर्माण कार्यका हरेक सामाग्री सिमेन्ट, बालुवागिट्टीदेखि डण्डीसम्मको मूल्य अकाशिएको छ । पुरानै दररेटमा ठेक्का लिएका निर्माण व्यवसायीहरु कसरी काम गर्ने समस्या परेको छ ।

उनले थप्दै भने 'यदि पुरानै दररेटमा काम गरियौं भने घरघडेरीसम्म बेचेर पनि पुग्दैन, सम्झौता अनुसारको काममा कन्ज्युसयाई गरे भने अख्तियारले समात्ला, सरकार मूल्य समायोजन गरिरहेको छैन, यस्तो अवस्थामा हामी के गर्ने निकै समस्या भएको छ ।

मूल्य समायोजन वा नयाँ दररेटको हिसाबमा भुक्तानी गरे हामी कामकाज गर्नेछौं नभए औपचारिक रुपमा काम नै ठप्प पार्ने चेतावनी दिए । उनले भने 'सोमवार जिल्ला दररेट समितिको बैठक राखेका छौं । मूल्य समायोजन नभए हामी कामकाज ठप्प पार्नेछौं ।

यता निर्माण व्यवसायी अरुण साह 'मुन्ना' ले पूर्वाधार निर्माण सामाग्रीको मूल्य अकासिएको छ । १५ हजार टिपर पाइने बालुवा अहिले २५ हजारभन्दा माथिको रेटमा किन्नु परिरहेको छ । ७५० रुपैया पर्ने सिमेन्ट अहिले ८५० देखि ९५० रुपैयासम्म पुगेको छ । डण्डीमा समेत किलोमा १० रुपैयाभन्दा बढी बढाएको छ । दररेट चाहिं पुरानै ठेक्का भएका कारण १४७ मा हामी लिएका छौं, यस्तो अवस्थामा काम गर्न सहज नभएकाले दुई सातादेखि काम ठप्प पारेका छौं ।

समस्या समाधानका लागि व्यवसायीहरूले निर्माण सामग्री तथा इन्धनको मूल्यवृद्धि अनुसार ठेक्का रकम समायोजन गर्ने स्पष्ट निर्देशिका जारी गर्न, राहत प्याकेज ल्याउन तथा बैंक ग्यारेन्टी र बिमामा सहुलियत दिन सरकारसँग माग गरेका छन् । निर्माण क्षेत्रलाई थप संकटमा जान नदिन तत्काल नीतिगत र व्यावहारिक पहल आवश्यक रहेको व्यवसायीहरुले माग गरेका छन् ।

मधेश प्रदेशसंगै कोशी, गण्डकी र बागमति लगायतका प्रदेशहरुका निर्माण व्यवसायी महासंघले समेत पत्रकार सम्मेलन गरी मूल्य समायोजनको माग गरेका छन् । निर्माण व्यवसायी महासंघ, कोशी प्रदेशले पनि निर्माण सामग्री तथा इन्धनको मूल्यमा भएको तीव्र वृद्धिका कारण आयोजना सञ्चालनमा कठिनाइ बढेको भन्दै ठेक्का रकम पुनरावलोकन वा आयोजनाको समयावधि थप गर्न सरकारसँग माग गरेका छन् ।

आइतबार विराटनगरमा पत्रकार सम्मेलन आयोजना गरी महासंघका प्रदेश अध्यक्ष जनसेवक भण्डारीले निर्माण क्षेत्र पहिले नै नीतिगत जटिलता र प्रक्रियागत ढिलाइबाट प्रभावित रहेको अवस्थामा पछिल्लो मूल्यवृद्धिले समस्या थप गम्भीर बनाएको बताए । समयमै नीतिगत निर्णय नलिए निर्माण उद्योग नै संकटमा पर्न सक्ने चेतावनी उनले दिए ।

व्यवसायीहरूका अनुसार इन्धन महँगिँदा सिमेन्ट, डण्डी, गिट्टी तथा बालुवाजस्ता सामग्रीको मूल्य करिब २० प्रतिशतसम्म बढेको छ । सडक निर्माणमा प्रयोग हुने बिटुमिनको मूल्य दोब्बर नजिक पुगेपछि सडक आयोजनाहरू विशेष रूपमा प्रभावित भएको उनीहरूको भनाइ छ ।

लागत वृद्धि, आपूर्ति चुनौती र समयसीमा दबाबका कारण धेरै पूर्वाधार आयोजना सुस्त वा ठप्प हुने जोखिम बढेको भन्दै व्यवसायीहरूले तत्काल राहत प्याकेज, मूल्य समायोजन व्यवस्था वा म्याद थप सम्बन्धी निर्णय गर्न सरकारसँग आग्रह गरेका छन् ।

यस्तै निर्माण व्यवसायी महासंघ गण्डकी प्रदेशले पनि डिजेल, पेट्रोललगायतमा भएको मूल्य वृद्धिले निर्माण सामग्रीको ढुवानीको लागत ह्वात्तै बढेको तथा निर्माण सामग्री उद्योगहरूले अप्रत्याशित रूपमा निर्माण सामग्रीमा मूल्यवृद्धि गर्दा निर्माण व्यवसायी संकटमा परेको पीडा सुनाए ।

इन्धनमा भएको मूल्यवृद्धि पश्चात निर्माण सामग्री उद्योगहरूले बिटुमिन, सिमेन्ट, रडलगायतका निर्माण सामग्रीहरूको मूल्य अप्रत्याशित रूपमा अत्यधिक बढाउँदा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको गण्डकी प्रदेश निर्माण व्यवसायी सङ्घका अध्यक्ष कृष्ण लम्सालले बताए ।

बागमती प्रदेश निर्माण व्यवसायी महासंघले पनि हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी मँहगाईले निर्माण व्यवसाय धरासायी अवस्थामा पुगेको बताएका हुन् । महासंघले निर्माणको पूर्व निर्धारित म्याद थप र मूल्य समायोजनसहित ठेक्का पुनरावलोकन गर्न निर्माण व्यवसायीहरुले माग गरेका छन् ।

# एक युवकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । निर्माण कम्पनी आश्रय निर्माण सेवाको लापरवाहीको कारण एक युवकले ज्यान गुमाउनु परेको छ । जिल्लाको चन्द्रपुर सडक खण्ड अन्तर्गत सबगढा छेउ बनिरहेको



कल्भर्टमा मोटरसाइकलसहित खस्दा भारत, बिहार सीतामढीका २० वर्षीय विशाल महतोको शनिबार राति घटनास्थलमै मृत्यु भएको हो ।

आफ्नै विवाहको निम्तो कार्ड बाँड्न आफन्तको घरतर्फ जाँदै गरेका महतो गौर नगरपालिका-६ सबगढा नजिकैको निर्माणाधीन कल्भर्टमा खसेका थिए । स्थानीयका अनुसार, निर्माण कम्पनीले जोखिमयुक्त स्थानमा न त चेतावनी बोर्ड राखेको थियो, न संकेत चिन्ह, न रातिको लागि बत्ती वा रिफ्लेक्टर–जसका कारण सडक नै 'धराप' जस्तो बनेको थियो ।

गौर-चन्द्रनिगाहपुर सडक स्तरोन्नति तथा चार लेन विस्तार योजना अन्तर्गत काम भइरहे पनि स्थलमा आधारभूत सुरक्षा र ट्राफिक व्यवस्थापनको अभाव देखिएको छ । नियमअनुसार यस्ता क्षेत्रमा डाइभर्सन, बार वा घेरा, र स्पष्ट संकेत अनिवार्य हुन्छन् । तर व्यवहारमा ती सबै कागजमै सीमित देखिएका छन् ।

स्थानीयवासीको भनाइमा, जथाभावी खनिएका खाल्डा, अस्तव्यस्त छोडिएका निर्माण सामग्री र पूर्वसूचना बिना बनाइएका संरचनाका कारण यसअघि पनि साना-ठूला दुर्घटना हुँदै आएका थिए । तर नियमनकारी निकायको सुस्त अनुगमन र निर्माण कम्पनीको लापरबाहीका कारण जोखिम झन् बढ्दै गएको थियो ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णु प्रदीप बस्यालले घटनाको पुष्टि गर्दै अनुसन्धान जारी रहेको बताएका छन् । मृतकको शव पोस्टमार्टमपछि परिवारलाई बुझाइएको छ ।

घटनापछि आक्रोशित स्थानीयवासीहरूले उच्चस्तरीय छानबिनको मागसहित मृतक परिवारलाई उचित क्षतिपूर्ति र निर्माण कम्पनीमाथि कडा कानुनी कारबाही गर्नुपर्ने बताएका छन् ।

# अतिक्रमित जग्गा खाली गराउने तयारी

**टुडे समाचारदाता**

राजविराज । कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालय, राजविराजले सप्तरीको चन्द्रनहर क्षेत्रको अतिक्रमित जग्गा खाली गराउन तयारी सुरु गरेको जनाएको छ ।

सप्तकोशी नगरपालिकाको फत्तेपुरस्थित चन्द्रनहरको हेडबाँधमा हालै सरोकारवालाहरूको बैठक बसेर अतिक्रमित जग्गा खाली गराउने तयारीबारे छलफल गरिएको हो। उक्त बैठकले पहिलो चरणमा चन्द्रनहरको डिल क्षेत्रभित्र पर्ने पहिचान भएका १२६ घरटहरा भत्काउने निर्णय गरेको छ ।

कार्यालयले गत चैत १६ गते सार्वजनिक सूचना जारी गर्दै सात दिनभित्र जग्गा खाली गर्न आह्वान गरेको थियो । तर अतिक्रमण नहटेपछि सरोकारवालासँग छलफल गरिएको छ ।

कार्यालयका प्रमुख इन्जिनियर वीरेन्द्रकुमार यादवका अनुसार नहर क्षेत्रमा बसोबास गरिरहेकामध्ये वास्तविक सुकुम्बासीको पहिचान गरी १५ दिनभित्र उपयुक्त जग्गा छनोट गर्ने जिम्मा सप्तकोशी नगरपालिकालाई दिइएको छ ।

बैठकमा सप्तरी-१ का प्रतिनिधिसभा सदस्य पुष्पा चौधरी, प्रमुख जिल्ला अधिकारी टुवराज पोखेल, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकाल तथा चन्द्रनहर सिँचाइ प्रणाली जल उपभोक्ता समितिका अध्यक्ष बद्रीनारायण महतो यादवलगायतको उपस्थिति थियो ।

# सरकारको निर्देशन अटेरी गर्दै डा. साह

**टुडे समाचारदाता**

लहान । लहानस्थित प्रादेशिक अस्पतालमा कार्यरत डा. बृजेन्द्रकुमार साहको सरुवा भएको तीन महिना बितिसक्दा पनि मधेश प्रदेश सरकारको निर्देशन अटेर गर्दै सरुवा भएको ठाउँमा अहिलेसम्म गएको छैन ।



आठौं तहका मेडिकल अधिकृत साहलाई मन्त्रालयले २०८२ माघ २ मै सर्लाहीको मलंगवास्थित प्रादेशिक अस्पतालमा सरुवा गरेको थियो । लहानकै बासिन्दा उनी लहानमा जीवन रक्षा नामक आफ्नै अल्ट्रासाउन्ड क्लिनिक खोलेका छन् ।

सरकारी अस्पतालमा समय नै नदिने र आफ्नै क्लिनिकमा अधिकांश समय दिने गरेको स्थानीयको गुनासोपछि मन्त्रालयले उनको त्यहाँबाट सरुवा गरेको थियो । कानुनतः सरुवा भएको २१ दिनभित्र खटाइएको ठाउँमा हाजिर भइसक्नुपर्छ भने तीन महिनासम्म पनि हाजिरी नहुनेलाई बर्खास्तीसम्मको कारबाही व्यवस्था छ ।

तर, अहिलेसम्म उनी अटेर गरी लहानमै बस्दै आएका छन् । आफ्नो घर लहानमै भएको र आफ्नो आवश्यकता पनि लहानमै भएकोले सरुवा भएको ठाउँमा नगएको उनको साहको भनाइ छ । यसरी उनले अटेरी गरिरहँदा मन्त्रालयले आवश्यक कानुनी कारबाही प्रक्रिया अगाडी बढाउनुको साटो उनी आफैं हाजिर हुने भन्दै कुरेर बसेको छ ।

स्वस्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायले उनी अब हाजिर हुने र नभए कारबाही अघि बढ्ने बताए । 'उहाँ अहिलेसम्म हाजिर नभएको मलाई जानकारी छ, अब उहाँ हाजिर भइहाल्नुहुन्छ होला,' मन्त्री रायले भने, 'यदि हाजिर भएन भने हामी मन्त्रालयमा बोलाएर स्पष्टीकरण लिन्छौं र कारबाही प्रक्रिया अघि बढाउनेछौं ।'

**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक वडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कुकुर बन्ध्याकरण तथा रेविज खोप शिविर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामा सञ्चालित सामुदायिक कुकुर बन्ध्याकरण तथा निःशुल्क रेविज खोप शिविर सम्पन्न भएको छ ।

छाडा कुकुरको संख्या नियन्त्रण तथा रेविज रोग न्यूनीकरण गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिकाको आयोजना तथा नेपाल एग्री लाईभष्टक ट्रेनिङ एण्ड रिसर्च सेन्टर को प्राविधिक सहयोगमा वैशाख ११ गतेदेखि सुरु भएको शिविर आईतवार सम्पन्न भएको हो ।



शिविरमा २३० कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य राखिएकोमा अपेक्षाभन्दा बढी २३४ कुकुरको सफलतापूर्वक बन्ध्याकरण गरी रेविज विरुद्धको खोपसमेत लगाइएको उपमहानगरपालिकाको पशुपंक्षी विकास शाखाले जनाएको छ ।

कार्यक्रमबारे जानकारी दिँदै नगर प्रमुख मनोज कुमार साहले छाडा कुकुरको बढ्दो समस्याले मानिस तथा पशुपन्छीमा जोखिम बढाउँदै लगेकाले यसलाई नियन्त्रण गर्न बन्ध्याकरण कार्यक्रम प्रभावकारी उपाय भएको बताए ।

पशु स्वास्थ्य अधिकार सम्बन्धी कानुनी व्यवस्थाअनुसार कुकुर मार्न नमिल्ने भएकाले यस्तो मानवीय विधि अपनाइएको उल्लेख गर्दै उनले कार्यक्रमलाई सफल बनाउन सबैको सहयोग आवश्यक रहेको बताए । यस्तै, पशुपंक्षी विकास शाखाका डा. अमर कुमार साह ले सामुदायिक कुकुरको संख्या घटाउन तथा रेविजको जोखिम न्यून गर्न नियमित रूपमा यस्ता शिविर सञ्चालन गरिने जानकारी दिए ।

छाडा कुकुरले बालबालिकालाई झम्टिने, रातिको समयमा आवतजावतमा असहजता सिर्जना गर्ने, साना पशुचौपायामा आक्रमण गर्ने र सडक दुर्घटनासमेत निम्त्याउने समस्या बढ्दै गएको स्थानीयवासीको गुनासो आउन थालेपछि शिविर सञ्चालन गरिएको बताइएको छ ।

# मधेश प्रदेशमा महारक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । रक्तदान जीवनदान नाराको साथ आइतवार मधेश प्रदेशमा आठवटै जिल्लामा रक्तदान कार्यक्रम गरिएको छ ।

ब्लड फर नेपाल संस्थाको आयोजनामा आठवटै जिल्लाको दश स्थानमा एकैपटक रक्तदान कार्यक्रम भएको हो । आयोजकले यसलाई मधेश महारक्तदान कार्यक्रम नाम दिएको छ ।




आयोजकका अनुसार धनुषाको जनकपुरधाम स्थित नेपाल पत्रकार महासंघको प्रांगणमा, महोत्तरीको जलेश्वर, बर्दिबास र सोनमा गाउँपालिका १ मा रक्तदान भएको छ ।

यस्तै सिरहाको नवराजपुर गाउँपालिका १ल सोनवर्साचौकमा, सप्तरीको राजविराज स्थित जेसिज भवन, सर्लाहीको मलंगवा २ स्थित बाल मन्दिर, रौतहटको गौर, बराको कलैया स्थित देवकीलाल धर्मशाला र पर्साको वीरगञ्जको घण्टाघर स्थित ब्राइट पब्लिक स्कुलमा रक्तदान सुरु भएको आयोजक ब्लडफर नेपालका संस्थापक सरोजकुमार महतोले जानकारी दिए । बेलाबेला हुने रगतको अभाव हुन नदिन, रगतदान गर्नुपर्ने भावना जागृत गर्ने उद्देश्यले रत्तदाना जीवनदान, रक्तदान महादानको नारासहित मधेश प्रदेशको आठवटै जिल्लामा एकैपटक रक्तदान कार्यक्रम आयोजन गरिएको संस्थापक महतोले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८